# कालीगण्डकी गाउँपालिका, स्याङ्जा

# गाउँ शिक्षा योजना

## (२०८२/८३ – २०९१/९२)

**कालीगण्डकी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्याङ्जा, गण्डकी प्रदेश, नेपाल**

**"गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाको सुनिश्चितता"**

स्विकृत मितिः २०८३।०६।२२

## शिक्षा योजना निर्माण कार्यदल

१. सावित्रा कोइराला कार्यवाहक अध्यक्ष – संरक्षक

२. कृष्ण बहादुर लामिछाने सामाजिक विकास समिति संयोजक – संयोजक

३. राम प्रसाद भट्टराई शिक्षा समिति सदश्य – सदश्य

४. ठगवीर राना संयोजक कालीगण्डकी खुसी कार्यक्रम – सदश्य

५. रामप्रुसाद पाण्डे प्र.अ.भगवती मा.वि.- सदश्य

६. हिराबहादुर गाहा प्र.अ. ध्रुवज्यति मा.वि. – सदश्य

७. विर्मा विष्ट शिक्षा अधिकृत – सदश्य

८. अनिल किशोर ढुगांना स.शिक्षा अधिकृत - सदश्य

## विषय सूचि


| शिर्षक | पेज नं |
|---|---|
| शिक्षा योजना निर्माण कार्यदल | ii |
| कार्यवाहक अध्यक्षको भनाई | vii |
| प्रमुख प्रशासकीय अधिकृतको भनाइ | ix |
| लेखन समितिको भनाई | xi |
| योजनाको सारांश | १ |
| विषय प्रवेश | ३ |
| शिक्षायोजना निर्माणको आवश्यकता र औचित्य | ४ |
| योजना निर्माण आधार र प्रक्रिया | ५ |
| योजना दस्तावेजको स्वरुप | ८ |
| **परिच्छेद एकः परिचय** | **९-२४** |
| १.१ भौगोलिक अवस्थिति | ९ |
| १.२जनसाङ्ख्यिक संरचना | १० |
| १.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण | १२ |
| १.४ आर्थिक अवस्थाको विश्लेषण | १३ |
| १.५ शैक्षिक अवस्थाको विश्लेषण | १४ |
| १.५.१ विद्यार्थी विवरण | १९ |
| १.५.२ शिक्षक विवरण | २० |
| १.६ सवल पक्षहरु | २१ |
| १.७ शिक्षा क्षेत्रका समस्याहरु | २२ |
| १.८ अवसरहरु | २३ |
| १.९ चुनौतिहरु | २३ |
| **परिच्छेद दुई दुरदृष्टि उद्देश्य रणनीति तथा लक्ष्य निर्धारण** | **२५-४०** |
| २.१ दूरदृष्टि | २५ |
| २.२ लक्ष्य | २५ |
| २.३ उद्द्श्य | २५ |
| २.४ रणनीतिहरु | २६ |
| २.५ अपेक्षित उपलब्धि | ३४ |
| २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ३५ |
| **परिच्छेद तीनःविद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** | **४१-७४** |
| ३.१ प्रारभ्भिक बालविकास र शिक्षा | ४१ |
| ३.१.१ परिचय | ४१ |
| ३.१.२ वर्तमान अवस्था | ४१ |
| ३.१.३ उद्देश्य | ४२ |

३.१.४ रणनीतिहरु ४३
३.१.५ उलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य ४३
३.२ आधारभूत शिक्षा ४८
३.२.१ परिचय ४८
३.२.२ नीति तथा नीतिगत व्यवस्था ४८
३.२.३ उद्देश्य ५१
३.२.४ रणनीतिहरू ५१
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ५३
३.३ माध्यमिक शिक्षा ५८
३.३.१ परिचय ५८
३.३.२ वर्तमान अवस्था ५८
३.३.३ उद्देश्य ६०
३.३.४ रणनीतिहरू ६०
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ६१
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ६५
३.४.१ परिचय ६५
३.४.२ वर्तमान अवस्था ६६
३.४.३ उद्देश्य ६७
३.४.४ रणनीति ६७
३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ६७
३.५ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ ६९
३.५.१ परिचय ६९
३.५.२ वर्तमान अवस्था ७१
३.५.३ उद्देश्य ७१
३.५.४ रणनीति ७२
३.५.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य ७३
**परिच्छेद चारः अन्तरसम्बन्धित विषय क्षेत्रहरु ७५-११३**
४.१ पाठ्यक्रम र मूल्याङ्कन ७५
४.१.१ परिचय ७५
४.१.२ वर्तमान अवस्था ७६
४.१.३ उद्देश्य ७७
४.१.४ रणनीतिहरू ७७
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ७८

४.२ शिक्षक व्यवस्थापन र विकास ८२
४.२.१ परिचय ८२
४.२.३ वर्तमान अवस्था ८३
४.२.३ उद्देश्य ८४
४.२.४ रणनीतिहरू ८४
४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ८५
४.३ शैक्षिक समता र समावेशीकरण ८९
४.३.१ परिचय ८९
४.३.२ वर्तमान अवस्था ९०
४.३.३ उद्देश्य ९१
४.३.४ रणनीतिहरू ९१
४.३.५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ९२
४.४ विद्यालय दिवाखाजा,स्वास्थ्य,पोषण र सरसफाई कार्यक्रम ९४
४.४.१ परिचय ९४
४.४.२ वर्तमान अवस्था ९४
४.४.३ उद्देश्य ९५
४.४.४ रणनीतिहरु ९५
४.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य ९६
४.५ शिक्षामा सूचना प्रविधि ९८
४.५.१ परिचय ९८
४.५.२ वर्तमान अवस्था १००
४.५.३ उद्देश्य १००
४.५.४ रणनीतिहरू १०१
४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य १०२
४.६ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा तथा उत्थानशीलता १०४
४.६.१ परिचय १०४
४.६.२ वर्तमान अवस्था १०५
४.६.३ उद्देश्य १०६
४.६.४ रणनीति १०७
४.६.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य १०८
४.७ विद्यालय भौतिक पूर्वाधार विकास १०९
४.७.१ परिचय १०९
४.७.२ वर्तमान अवस्था ११०
४.७.३ उद्देश्य १११

४.७.४ रणनीति १११
४.७.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य ११२
**परिच्छेद पाँचः विद्यालय सुशासन तथा व्यवस्थापन ११४- १२५**
५.१ संस्थागत क्षमता विकास ११४
५.१.१ परिचय ११४
५.१.२ वर्तमान अवस्था ११६
५.१.३ उद्देश्य ११७
५.१.४ रणनीतिहरू ११७
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ११७
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ११९
५.२.१ परिचय ११९
५.२.३ उद्देश्यहरु १२०
५.२.४ रणनीतिहरू १२०
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य १२१
५.३ अनुगमन तथा मूल्याङ्कन १२२
५.३.१ परिचय १२२
५.३.२ वर्तमान अवस्था १२४
५.३.३ उद्देश्य १२३
५.३.४ रणनीतिहरू १२३
५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य १२४
**परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन १२६-१३१**
६.१ परिचय १२६
६.२ वर्तमान अवस्था १२७
६.३ उद्देश्य १२७
६.४ रणनीतिहरू १२८
६.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य १२९
६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण १२९
**परिच्छेद सातः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण १३२-१३८**
७.१ परिचय १३२
७.२ वर्तमान अवस्था १३३
७.३ उद्देश्य १३५
७.४ रणनीतिहरू १३५
७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य १३६

## कार्यवाहक अध्यक्षको भनाइ

शिक्षा मानव जीवनको आधार, सामाजिक रूपान्तरणको माध्यम तथा समृद्ध र सभ्य समाज निर्माणको प्रमुख आधारस्तम्भ हो । स्थानीय तहलाई संविधानले प्रदान गरेको शैक्षिक अधिकार र जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताका आधारमा गुणस्तरीय शिक्षा विकास गर्नु आजको महत्वपूर्ण आवश्यकता हो। यसै सन्दर्भमा कालीगण्डकी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गरिएको हो ।

कालीगण्डकी गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै यस शिक्षा योजनाले गाउँपालिकाभित्रका सबै बालबालिका तथा नागरिकका लागि समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, प्रभावकारी सिकाइ, समावेशी वातावरण र जीवनोपयोगी सीप सुनिश्चित गर्ने दिशामा मार्गनिर्देशन गर्ने अपेक्षा गरिएको छ । शिक्षा केवल विद्यालयमा विद्यार्थी भर्ना गराउने विषय मात्र नभई उनीहरूमा ज्ञान, सीप, प्रविधिको प्रयोग, सकारात्मक सोच, नैतिक मूल्य, सिर्जनशीलता र जिम्मेवार नागरिक बन्ने क्षमता विकास गर्ने प्रक्रिया हो ।

यस योजनाले प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा पेशागत विकास, शैक्षिक समता तथा समावेशीकरण, विद्यालय पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, वैकल्पिक तथा जीवनोपयोगी शिक्षा, पोषण तथा स्वास्थ्य, विपद् तथा जलवायु–उत्थानशील शिक्षा लगायतका क्षेत्रलाई प्राथमिकतामा राखेको छ । साथै, विद्यालय शिक्षाको गुणस्तर सुधारसँगै सिकाइ उपलब्धि अभिवृद्धि, विद्यालयमा बालमैत्री र सुरक्षित वातावरण निर्माण तथा शिक्षामा सबै वर्ग, समुदाय र समूहको पहुँच सुनिश्चित गर्ने विषयलाई विशेष महत्व दिइएको छ।

“समावेशी, नवप्रवर्तनशील र जीवनोपयोगी शिक्षामार्फत सीप, प्रविधि र मूल्यमा आधारित प्रतिस्पर्धी तथा जिम्मेवार जनशक्ति उत्पादन गर्ने” हाम्रो मूल शैक्षिक दृष्टिकोण हो । यस दृष्टिकोणलाई व्यवहारमा रूपान्तरण गर्न गाउँपालिका, विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा सरोकारवाला निकायबीचको सहकार्य अपरिहार्य छ । स्थानीय स्रोत, साधन, ज्ञान, सीप तथा मौलिकतालाई शिक्षासँग जोड्दै विद्यार्थीलाई आफ्नो परिवेश बुझ्ने, स्थानीय सम्भावनाको सदुपयोग गर्ने र बदलिँदो विश्वसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउने हाम्रो लक्ष्य रहेको छ ।

यस शिक्षा योजनाको सफल कार्यान्वयनका लागि पर्याप्त लगानी मात्र होइन, जिम्मेवार कार्यान्वयन, नियमित अनुगमन तथा मूल्याङ्कन, पारदर्शिता, जवाफदेहिता र निरन्तर सुधार आवश्यक छ । योजना

निर्माण गर्नु आफैँमा उपलब्धि नभई योजनामा उल्लेखित लक्ष्य तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित शैक्षिक नतिजा हासिल गर्नु नै वास्तविक उपलब्धि हो । त्यसैले योजनाको कार्यान्वयनमा सबै पक्षको रचनात्मक सहभागिता र सहयोग रहने विश्वास लिएको छु ।

अन्त्यमा, कालीगण्डकी गाउँपालिकाको शिक्षा क्षेत्रलाई थप व्यवस्थित, गुणस्तरीय, प्रविधिमैत्री, समावेशी र परिणाममुखी बनाउन योगदान पुऱ्याउने यस स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, समुदाय तथा सम्बन्धित सबै सरोकारवालाबाट निरन्तर सहयोग र सहकार्य प्राप्त हुने विश्वास व्यक्त गर्दछु । यस योजनाले कालीगण्डकी गाउँपालिकाको शैक्षिक विकासमा स्पष्ट दिशा प्रदान गर्दै सक्षम, सीपयुक्त, संस्कारयुक्त र जिम्मेवार नागरिक निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्दछु ।

**सावित्रा कोइराला**
**कार्यवाहक अध्यक्ष**
**कालीगण्डकी गाउँपालिका, स्याङ्जा**

## प्रमुख प्रशासकीय अधिकृतको भनाइ

शिक्षा राष्ट्रको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासको मूल आधार हो। स्थानीय सरकारलाई संविधान तथा प्रचलित कानुनले प्रदान गरेको अधिकार र जिम्मेवारीअनुसार स्थानीय तहमा गुणस्तरीय, समावेशी, पहुँचयोग्य र परिणाममुखी शिक्षा सुनिश्चित गर्नु हाम्रो प्रमुख दायित्व हो। यसै उद्देश्यलाई केन्द्रमा राखी कालीगण्डकी गाउँपालिकाको स्थानीय शिक्षा योजना २०८२/८३–२०९१/९२ तयार गरिएको छ।

स्थानीय शिक्षा योजना गाउँपालिकाको विद्यमान शैक्षिक अवस्था, आवश्यकता, समस्या, सम्भावना र स्थानीय स्रोत–साधनको विश्लेषणका आधारमा आगामी दशकको शैक्षिक विकासका लागि मार्गदर्शन गर्ने महत्वपूर्ण दस्तावेज हो । यस योजनाले गाउँपालिकाभित्रका सबै बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सिकाइ, विद्यार्थीको सर्वाङ्गीण विकास तथा शिक्षालाई स्थानीय परिवेश र जीवनसँग जोड्ने लक्ष्य लिएको छ।

यस योजनामा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, शैक्षिक समता तथा समावेशीकरण, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा पेशागत विकास, विद्यालय पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, वैकल्पिक तथा जीवनोपयोगी शिक्षा, पोषण तथा स्वास्थ्य, विपद् तथा जलवायु–उत्थानशील शिक्षा लगायतका महत्वपूर्ण पक्षहरूलाई समेटिएको छ। साथै, विद्यालयमा उपलब्ध स्रोतको प्रभावकारी उपयोग, शैक्षिक गुणस्तर सुधार, सिकाइ उपलब्धि वृद्धि तथा विद्यालय र समुदायबीचको सम्बन्धलाई थप सुदृढ गर्ने विषयलाई समेत प्राथमिकता दिइएको छ।

योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजना, बजेट, कार्यक्रम र उपलब्ध स्रोत–साधनबीच उचित समन्वय आवश्यक हुन्छ। सीमित स्रोतलाई उच्च प्राथमिकताका क्षेत्रमा केन्द्रित गर्दै कार्यक्रमको पारदर्शी, मितव्ययी र परिणाममुखी कार्यान्वयन गर्नु स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी हो। यसका साथै नियमित अनुगमन, मूल्याङ्कन, तथ्यमा आधारित निर्णय, संस्थागत समन्वय र आवश्यकतानुसार योजनाको पुनरावलोकनबाट मात्र अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ।

शिक्षाको गुणस्तर सुधार सरकारको मात्र प्रयासबाट सम्भव हुँदैन । विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, समुदाय तथा सम्पूर्ण सरोकारवालाबीचको सहकार्य यसको प्रमुख आधार हो । विशेषगरी शिक्षकको पेशागत क्षमता विकास, विद्यालय नेतृत्वको सुदृढीकरण,

अभिभावकको सहभागिता र विद्यार्थीको सिकाइप्रति उत्तरदायित्व बढाउन सकेमा योजनाले अपेक्षित परिणाम दिन सक्नेछ ।

अन्त्यमा, यस स्थानीय शिक्षा योजनाले कालीगण्डकी गाउँपालिकाको शैक्षिक विकासलाई व्यवस्थित र दीर्घकालीन दिशा प्रदान गर्ने विश्वास लिएको छ। योजनामा निर्धारित लक्ष्य, रणनीति तथा कार्यक्रमलाई उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाका सबै शाखा, विद्यालय, शिक्षक, अभिभावक, जनप्रतिनिधि तथा सरोकारवालाको निरन्तर सहयोग र सहकार्य आवश्यक छ। गुणस्तरीय, समावेशी, प्रविधिमैत्री, सीपमूलक तथा जीवनोपयोगी शिक्षामार्फत सक्षम र जिम्मेवार नागरिक निर्माण गर्ने हाम्रो साझा उद्देश्य पूरा गर्न यो योजना महत्वपूर्ण आधार बन्नेछ ।

**भेषराज आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**
**कालीगण्डकी गाउँपालिका, स्याङ्जा**

## लेखन समितिको भनाई

शिक्षा मानव विकासको आधार हो । समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक–आर्थिक विकास सम्भव हुँदैन । नेपालको संविधानले शिक्षा मौलिक हकका रूपमा प्रत्याभूत गर्दै आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा गाउँ/नगर शिक्षा योजना समय सापेक्ष आवश्यकता हो ।

हाम्रो गाउँ/नगरमा शैक्षिक पहुँच विस्तार भए तापनि सिकाइ उपलब्धि, समानता, गुणस्तर, प्रविधिको उपयोग, शिक्षक पेशागत विकास तथा विद्यालय व्यवस्थापनमा अझै सुधार आवश्यक छ । भौगोलिक अवस्था, सामाजिक–आर्थिक असमानता, लैङ्गिक तथा अपाङ्गता सम्बन्धी चुनौतीका कारण सबै बालबालिकाले समान गुणस्तरको शिक्षा प्राप्त गर्न सकेका छैनन् ।

यस शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत र साधन सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारको मार्गचित्र प्रस्तुत गर्दछ । सोह्रौ योजना विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय पाठ्यक्रम प्रारुप, दिगो विकास लक्ष्य (SDG–4) तथा प्रदेश/स्थानीय नीतिसँग सामञ्जस्य कायम गर्दै यो योजना तयार गरिएको छ ।

शिक्षा केवल विद्यालयसम्म सीमित नभई जीवनभर सिकाइको आधार बन्नुपर्छ । बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता, तथा उत्तरदायी शासकीय अभ्यास मार्फत शिक्षा सुधार सम्भव छ ।

यसै सन्दर्भमा कालीगण्डकी गाउँपालिकाको समग्र शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रुपमा संचालन गर्नका लागि सबैभन्दा पहिला विद्यालय पहुँच भन्दा बहिर रहेका बालबालिकाहरुलाई विद्यालयभित्र ल्याउनु, विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नु, सिकाइ उपलव्धी वृद्धि गर्नु, प्रविधिमैत्री शिक्षा, विद्यालयमा सुशासन, शिक्षकहरुको क्षमता विकास, भौतिक पूर्वाधारका संरचना निर्माण र शिक्षामा अधिकतम लगानी वृद्धि गर्नु जस्ता कुराहरुलाई प्राथमिकतामा राख्नु  आवश्य छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदारबीच सहकार्य अपरिहार्य छ । साझा प्रतिबद्धता र प्रभावकारी कार्यान्वयन मार्फत हाम्रो गाउँ/नगरलाई सिकाइमैत्री, समावेशी र गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प  छ ।

# योजनाको सारांश

गाउँ  शिक्षा योजना स्थानीय तह भित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकास देखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ । कालीगण्डकी गाउँपालिका, स्याङ्जाको शिक्षा योजनाले गाउँपालिकाभित्रका सबै बालबालिका तथा नागरिकलाई पहुँचयोग्य, समावेशी, गुणस्तरीय, सुरक्षित र जीवनोपयोगी शिक्षा प्रदान गर्ने मूल उद्देश्य राखेको छ। स्थानीय आवश्यकता, भौगोलिक अवस्था, सामाजिक तथा आर्थिक विविधता र उपलब्ध स्रोत–साधनलाई ध्यानमा राखी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, शैक्षिक अवसरमा समानता तथा विद्यार्थीको सिकाइ उपलब्धि सुधारलाई योजनाको प्रमुख आधार बनाइएको छ। प्रारम्भिक बालविकासदेखि आधारभूत तथा माध्यमिक तहसम्म शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्दै विद्यालय भर्ना, नियमित उपस्थिति, टिकाउदर तथा सिकाइ उपलब्धिमा सुधार ल्याउने लक्ष्य राखिएको छ । शिक्षाको गुणस्तर सुधारका लागि बालमैत्री, समावेशी, विद्यार्थीकेन्द्रित तथा प्रविधिमैत्री शिक्षण–सिकाइ पद्धतिको विकासमा जोड दिइएको छ। स्थानीय आवश्यकता र सम्भावनालाई समेट्ने गरी स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, पठन संस्कृति विकास, निरन्तर तथा सुधारात्मक मूल्याङ्कन, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र विद्यार्थीमा सिर्जनात्मकता, आलोचनात्मक चिन्तन, समस्या समाधान तथा जीवनोपयोगी सीप विकास गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । साथै, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका तथा अन्य जोखिममा रहेका बालबालिकालाई विशेष अवसर र सहयोग प्रदान गरी शैक्षिक समता तथा समावेशीकरण सुनिश्चित गर्ने व्यवस्था गरिएको छ।

शिक्षा योजनाले शिक्षक व्यवस्थापन तथा पेशागत विकासलाई पनि महत्वपूर्ण पक्षका रूपमा समेटेको छ। शिक्षकको क्षमता तथा दक्षता अभिवृद्धिका लागि तालिम, निरन्तर पेशागत विकास, कार्यसम्पादनमा आधारित पृष्ठपोषण तथा शैक्षिक सहयोग, प्रभावकारी अनुगमन र सुपरिवेक्षणमा जोड दिइएको छ। विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार सुधार, सुरक्षित तथा बालमैत्री वातावरण निर्माण, खानेपानी तथा सरसफाइ, पुस्तकालय, प्रयोगशाला, ICT लगायतका सुविधाको विस्तारमार्फत गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्ने लक्ष्य राखिएको छ।

योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, बिचैमा कक्षा छाड्नेदर न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा गैर–औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ। यस योजनामा कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन–मूल्याङ्कन व्यवस्था समावेश गरीनुका साथै स्थानीय स्रोत परिचालन, अन्तर–तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक–निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सिप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

# १.विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । संविधानतः संघीय शासन प्रणाली कार्यान्वयन सँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भ अनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको शिक्षामा समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG–4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुर्‍याउँछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार,

डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरू सहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ। यसै सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि कालीगण्डकी गाउँपालिकाद्वारा यो ५ वर्षे योजना तयार गरिएको छ।

## २.शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीति बिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

स्थानीय शिक्षा योजना निर्माण गर्नुको मुख्य औचित्य गाउँपालिकाभित्रको शैक्षिक अवस्था, आवश्यकता, समस्या, सम्भावना तथा उपलब्ध स्रोत–साधनको पहिचान गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासका कार्यक्रमलाई व्यवस्थित र परिणाममुखी बनाउनु हो। संघीय संरचनाअनुसार स्थानीय तहलाई प्राप्त शैक्षिक अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै सबै बालबालिकाको शिक्षामा समान पहुँच, समावेशीकरण, गुणस्तरीय सिकाइ र शैक्षिक उपलब्धि सुनिश्चित गर्न स्थानीय शिक्षा योजना आवश्यक हुन्छ।

स्थानीय भौगोलिक अवस्था, जनसांख्यिक संरचना, सामाजिक–आर्थिक विविधता, विद्यालयको अवस्था, विद्यार्थीको सिकाइ स्तर, शिक्षक व्यवस्थापन तथा स्थानीय ज्ञान, सीप र संस्कृतिलाई समेटेर स्थानीय आवश्यकतामा आधारित शिक्षा विकासको स्पष्ट दिशा निर्धारण गर्न पनि यसको आवश्यकता पर्दछ। साथै, विद्यालय भर्ना तथा टिकाउदर वृद्धि, विद्यालय छोड्ने दर न्यूनीकरण, सिकाइ उपलब्धि सुधार, शिक्षकको

पेशागत विकास, बालमैत्री तथा सुरक्षित विद्यालय वातावरण निर्माण, प्रविधिमैत्री शिक्षा विस्तार र शैक्षिक पूर्वाधार सुधारका कार्यलाई प्राथमिकताका साथ अघि बढाउन यसले आधार प्रदान गर्दछ।
त्यसैगरी, शिक्षा क्षेत्रमा उपलब्ध सीमित स्रोत तथा बजेटलाई आवश्यकता र प्राथमिकताका आधारमा प्रभावकारी तथा न्यायोचित रूपमा परिचालन गर्न, संघ, प्रदेश र स्थानीय तहका शैक्षिक नीति तथा कार्यक्रमबीच समन्वय कायम गर्न, विद्यालय तथा समुदायको सहभागिता बढाउन र सञ्चालन भएका कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरी अपेक्षित नतिजा हासिल गर्न स्थानीय शिक्षा योजना महत्वपूर्ण हुन्छ । यसले गाउँपालिकाको समग्र सामाजिक तथा आर्थिक विकासका लागि आवश्यक ज्ञान, सीप, दक्षता, संस्कार र जिम्मेवार नागरिक निर्माण गर्ने दीर्घकालीन आधार समेत तयार गर्दछ । । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेट बिचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ । समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको विद्यालयको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुर्‍याउँछ।

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक

रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण–सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीय देखि राष्ट्रिय लक्ष्य सम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG–4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो । यसै सन्दर्भमा स्थानिय स्तरमा शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी कालीगण्डकी गाउँपालिका द्वारा स्थानीय शिक्षा योजना निर्माण गरिएको हो।

## ३.योजना निर्माण आधार तथा प्रक्रिया

गाउँ शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको छः

क. नेपालको संविधान

ख. सोह्रौँ आवधिक योजना

ग.  स्थानीय सरकार सञ्चालन ऐन,  २०७४

घ.  सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ.  राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च.  अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ.  विद्यालय शिक्षा क्षेत्र योजना  (School Education Sector Plan)

ज.  राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

झ.  दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ.  स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ट.  स्थानीय तहको मध्यकालीन खर्च संरचना

ठ. राजनीतिक दलको घोषणापत्र

ड. विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम

ढ. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

ण. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७

**त्यसै गरी योजना निर्माणको क्रममा  देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको छः**

१.योजना निर्माण समितिको गठन

२.योजना निर्माण कार्यदल गठन

३.सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय

४. मस्यौदा तयारी

५.मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

६.योजनाको अन्तिम रुप

६.योजनाको मूल्याकंन

७.योजनाको स्वीकृति र कार्यान्वयनको

## ४.योजना दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालिवकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा समता तथा समावेशीकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्।

परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापनअन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ। परिच्छेद छ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको कार्यन्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ।

# परिच्छेद एक:परिचय

## १.१ भौगोलिक अवस्थिति

कालीगण्डकी गाउँपालिका  नेपालको गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लामा अवस्थित रहेको छ। यसको भौगोलिक अवस्थिति अक्षांश २७ डिग्री ५६ मिनेट  देखि २८ डिग्री ३ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री ३० मिनेट  देखि ८०डिग्री ४० मिनट पूर्वी देशान्तरको बिचमा पर्दछ । यस स्थानीय तहको कुल क्षेत्रफल करिब ७३.५१ वर्ग किलोमिटर रहेको छ । यसको सिमानामा पूर्वतर्फ गल्याङ् नगरपालिका, पश्चिमतर्फ पाल्पा, उत्तरतर्फ गल्याङ् नगरपालिका र गुल्मी जिल्ला र दक्षिणतर्फ पाल्पा जिल्ला रहेका छन् । यस स्थानीय तहको नामाकरण ऐतिहासिक, सांस्कृतिक तथा भौगोलिक विशेषताका आधारमा गरिएको मानिन्छ, जसले स्थानीय पहिचान र गौरवलाई प्रतिबिम्बित गर्दछ ।

हावापानीको दृष्टिले यस स्थानीय तहमा सामान्यतया उपोष्णदेखि समशीतोष्ण जलवायु पाइन्छ। गर्मी याममा तापक्रम मध्यम देखि उच्च रहने र वर्षायाममा कम वर्षा हुने गर्दछ । जाडो याममा तापक्रम घट्ने भए पनि अत्यधिक चिसो कमै देखिन्छ । यस प्रकारको हावापानी कृषि, वन तथा जैविक विविधताको दृष्टिले अनुकूल मानिन्छ ।

पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन् । नदी, वनजंगल, डाँडाकाँडा, ऐतिहासिक मन्दिर, गुम्बा तथा  सांस्कृतिक धरोहरहरूले आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखाउँछन् । यद्यपि पूर्वाधार, प्रचार–प्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन् ।

स्थानीय तहमा पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन् ।  यस पालिकाको झण्डै ६५ प्रतिशत भूभाग बनजंगलले ढाकेको छ ।वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, जलाधार संरक्षण गर्न र स्थानीय जीविकोपार्जनमा योगदान पुर्‍याएको छ । तथापि वन अतिक्रमण, अव्यवस्थित दोहन र जलवायु परिवर्तनका असरले जैविक विविधतामा चुनौती सिर्जना गरिरहेको छ ।

यस गाउँपालिका पहाडी क्षेत्रमा पर्ने भएकाले प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले यस स्थानीय तह बाढी, पहिरो, आगलागी, खडेरी तथा भूकम्प जस्ता जोखिमहरूसँग संवेदनशील रहेको छ । विशेष गरी वर्षायाममा नदी तथा खोलानालाबाट बाढी तथा पहिरोको जोखिम बढ्ने गर्दछ । जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना, सुरक्षित पूर्वाधार विकास तथा स्थानीय तहको आपतकालीन व्यवस्थापन

क्षमता सुदृढीकरण आवश्यक देखिन्छ । हाल ७ वटा वडामा विभाजित यस गाउँपालिकाको कार्यालय कालीगण्डकी  गाउँपालिका वडा नं. ४ स्थित विर्घामा अवस्थित छ ।

समग्रमा, यस स्थानीय तहमा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ।

पालिकाको नक्सा यस प्रकार छः

कालिगण्डकी गाउँपालिकाको वडा विभाजन




## १.२ जनसाङ्ख्यिक  संरचना

यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कूल जनसंख्या १७९५५ रहेको छ । उक्त जनसंख्यामध्ये महिलाको ९८११  संख्या रहेको छ भने पुरूषको जनसंख्या ८१४४  रहेको छ । कूल जनसंख्यामा ब्राह्मण/क्षेत्री जनसंख्या ३२ % दलित जनसंख्या ११.२%, जनजातिको जनसंख्या ५७.८% रहेको छ । जनजाति जनसंख्यमा मगर समुदायको बाहुल्यता रहेको छ ।  अपाङ्गता भएका व्यक्तिको जनसंख्या ३३१ रहेको छ  । उक्त जनगणना अनुसार यस कालीगण्डकी गाउँपालिकाको जनसंख्या वृद्धिदर -१.९ % रहेको छ । जनसङ्ख्याको बनावट हेर्दा महिला

र पुरुषको अनुपात हेर्दा पुरुष भन्दा महिलाको जनसंख्या बढि रहेको पाइन्छ, यसको मुख्य कारण कार्यशील उमेर समूहमा पुरुषको बाह्य बसाइसराइँका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था  रहेको छ। बालबालिका, किशोर–किशोरी, कार्यशील उमेर (१५–५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई संकेत गर्दछ।

यस स्थानीय तहमा अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको उल्लेखनीय उपस्थिति रहेको छ। यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ, जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औँल्याउँछ।

जनसङ्ख्याको वृद्धिदर नकारात्मक रहेको छ। जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइँसराइका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ। यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।
बसाइँसराइको दृष्टिले यो स्थानीय तह श्रम–आधारित बाह्य तथा आन्तरिक बसाइँसराइ बाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता र विद्यालय उमेर समूहको संख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालमा शिक्षा, सिप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ।

**तालिका:१.१ वडागत जनसंख्या विवरण**

| क्र.सं | वडा नं | जनसङ्ख्या | | कैफियत |
|---|---|---|---|---|
| | | महिला | पुरूष | |
| 1. | १ | १३२८ | १०७३ | |
| 2. | २ | १८३७ | १४७० | |
| 3. | ३ | १२६९ | १०५६ | |
| 4. | ४ | १४१७ | ११३६ | |
| 5. | ५ | १३४६ | ११०६ | |
| 6. | ६ | १२६२ | १०२५ | |
| 7. | ७ | १३५२ | १२७८ | |
| **जम्मा जनसङ्ख्या :** | | ९८११ | ८१४४ | |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट*

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यस स्थानीय तह सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ। यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ। हिन्दु, बौद्ध, तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था–प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन्।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन्। यस्ता सांस्कृतिक सम्पदाले

सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन्।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ। नेपाली भाषासँगै विभिन्न मातृभाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन्। मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ। यस स्थानीय तहमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सिप र प्रविधि कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन्। यस्ता ज्ञान र सिपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुर्‍याउँदै आएका छन्। यद्यपि पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान–सिपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ।

समग्रमा, सामाजिक–सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन्। तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ।

## १.४ आर्थिक अवस्थाको विश्लेषण

यस स्थानीय तहको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ। परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषि–आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन्। यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू जस्तै खाद्य प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइ–कटाइ तथा कृषि आधारित उद्योग आर्थिक क्रियाकलापका महत्वपूर्ण आधार बनेका छन्। स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सिप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन् । होमस्टे, धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुर्‍याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन् ।

रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ । रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुर्‍याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

## १.५ शैक्षिक अवस्थाको विश्लेषण

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| **प्रारम्भिक बालविकास तथा शिक्षा** | बालबालिकालाई विद्यालय जानुअघि र प्रारम्भिक कक्षामा खेल्दै, रमाउँदै र क्रियाकलापमार्फत सिकाउँदै उनीहरूको सर्वाङ्गीण विकास गराउने शिक्षा नै प्रारम्भिक बाल विकास तथा शिक्षा हो । प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको समग्र विकासको आधार हो । यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ३२ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ४८३ रहेको छ । केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ ।<br>लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ । यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ । अपाङ्गता–मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन् । |

| | |
|---|---|
| | प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या ३६ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेल–आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ । सहजकर्ता–बालबालिका अनुपात १:१३ रहेको छ, जुन केही केन्द्रमा मापदण्डअनुकूल छैन ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन् ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुर्‍याएको छ। सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ ।<br>समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ । लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ। |
| **आधारभूत शिक्षा** | आधारभूत शिक्षा (कक्षा १–८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। यस स्थानीय तहमा आधारभूत तहका विद्यालयहरूको सङ्ख्या १३ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या २४९६ रहेको छ। भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ ।<br>लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ । यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको |

| | |
|---|---|
| | नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ। अपाङ्गता–मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन् ।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या ४ रहेको अनुमान छ । विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा दुर्गम देखिन्छ । विद्यार्थी–शिक्षक अनुपात औसत १:१६ रहेको छ भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत दक्ष शिक्षकको अभाव देखिन्छ ।<br>विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा–बहुतह (Multi-grade Multi-level) पठनपाठन सञ्चालन भइरहेको अवस्था छ । उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत–प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधि–आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ। सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ ।<br>समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु–अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ । लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ । |

| | |
|---|---|
| **माध्यमिक शिक्षा** | माध्यमिक शिक्षा (कक्षा ९–१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो। यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या ११ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ४०८ रहेको छ। भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br>अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औँल्याउँछ।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या १२ रहेको अनुमान छ। शिक्षक–विद्यार्थी अनुपात औसत १:८ रहेको छ। विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुर्‍याएको छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पुर्‍याएको छ। सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ। लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ। |

| | |
|---|---|
| **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ । धेरै स्थानमा पुस्तकालय सञ्चालन भए तापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन् । पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ ।<br>समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुर्‍याएका छन्। तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तिकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुर्‍याउनेछ । |

यस स्थानीय तहमा शिक्षा पहुँच विस्तार भएको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागिता वृद्धि भएको छ । प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा केही कमी छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ, जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औँल्याउँछ ।

शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ। विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक–विद्यार्थी अनुपातको असमानता, बहुकक्षा/बहुस्तरको अभ्यास प्रारम्भिक र आधारभूत तहमा मात्र सीमित रहेको अवस्था, सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुर्‍याउँछ ।

पूर्वाधार, सिकाइ सामग्री र ICT पहुँच असमान रहेको छ । सुरक्षित, बालमैत्री र अपाङ्गता–मैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती

सिर्जना गरेको छ । जलवायु तथा वातावरणीय जोखिम, जस्तै बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो, विद्यालय र बालविकास केन्द्रको नियमितता तथा पूर्वाधारमा प्रभावकारी असर पुर्‍याएको छ ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सिप विकास र जीवनोपयोगी सिप प्रदान गर्ने महत्वपूर्ण भूमिका खेल्दै आएको छ । तथापि निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सिपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन् । यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ । यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ ।

### १.५.१ विद्यार्थी विवरण

यस पालिका अन्तर्गतका विद्यायमा जम्मा ३७२२ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । उक्त विद्यार्थीमध्ये तहगत तथा लिंग, जातजाति अनुसारको विद्यार्थी विवरण देहाय अनुसार रहेको छ ।

**तालिकाः १.२ विद्यार्थी विवरण**

| कक्षा/तह | जम्मा विद्यार्थी | | | दलित | | | जनजाति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बाल बिकास | २२१ | २६२ | ४८३ | ४८ | ४४ | ९२ | १०७ | १२६ | २३३ |
| कक्षा १-३ | ३४० | ४२२ | ७६२ | ६५ | ६६ | १३१ | १६७ | २३२ | ३९९ |
| कक्षा ४-५ | २३८ | २८८ | ५२६ | ५७ | ४९ | १०६ | १३२ | १३६ | २६८ |
| कक्षा ६-८ | ३५४ | ३७१ | ७२५ | ६९ | ६८ | १३७ | १६४ | १८६ | ३५० |
| आधारभूत तह १-८ | ११५३ | १३४३ | २४९६ | १९१ | १८३ | ३७४ | ४६३ | ५५४ | १०१७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा ९-१० | २२९ | २४६ | ४७५ | ४३ | ३६ | ७९ | ११८ | १३८ | २५६ |
| कक्षा ११-१२ | १४३ | १२५ | २६८ | २३ | १३ | ३६ | ८५ | ७१ | १५६ |
| माध्यमिक तह ९-१२ | ३७२ | ३७१ | ४०८ | ६६ | ४९ | ११५ | २०३ | २०९ | ४१२ |
| जम्मा | १७४६ | १९७६ | ३७२२ | ३०५ | २७६ | ५१८ | ७७३ | ८८९ | १६६२ |

स्रोत : IEMIS 2082

माथिको तालिका अनुसार पालिका अन्तर्गत अध्ययनरत विद्यार्थीमध्ये दलित विद्यार्थीको संख्या १३.९ प्रतिशत रहेको, जनजाति विद्यार्थीको संख्या ४४.६५ प्रतिशत रहेको छ । यस पालिकामा अध्ययनरत विद्यार्थीमध्ये केही विद्यार्थीहरु पिछडिएको समुदाय तथा केही अल्पसङख्यक समूदायबाट रहेका छन् । कूल विद्यार्थीमध्ये अपाङ्गता भएका विद्यार्थी समेत अध्ययनरत् रहेका छन् ।

समग्रमा पालिकाभर अपाङ्गता भएका विद्यार्थी ५५ जना रहेकोमा अपाङ्गताको प्रकार अनुसार २५ जना विद्यार्थीहरु शारीरिक अपाङ्गता भएका, ८ जना वौद्धिक अपाङ्गता भएका, १० जना न्यून दृष्टि भएका, ५ जना स्वर तथा बोलाइ सम्बन्धी अपाङ्गता भएका, ८ जना विद्यार्थी मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका र २ जना विद्यार्थीहरु बहुअपाङ्गता भएका तथ्याङ्ले देखाएको छ ।

### १.५.२ शिक्षक विवरण

यस पालिकामा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा तथा शिक्षण सिकाइ अनुदानमा शिक्षक कोटाको व्यवस्था रहेको छ । यी शिक्षक पदका लागि संघीय सरकारबाट बजेट उपलब्ध हुने गरेको छ । यसका अतिरिक्त पालिकाले आफ्नै स्रोतबाट आधारभूत तहमा  र माध्यमिक तहमा आवश्यक मात्रामा शिक्षकको व्यवस्था गरिएको छ । हाल पालिकामा आधारभूत तह कक्षा १-५ मा शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको, कक्षा ६-८ मा शिक्षक विद्यार्थी १:१५ अनुपात रहेको र कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात १:१३ रहेको छ । हालसम्म आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० तथा कक्षा ११-१२ मा सबै विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षक व्यवस्था हुन सकेको छैन । यस पालिकामा देहाय अनुसारको शिक्षक संख्या रहेको छ ।

**तलिका:१.३ तहगत शिक्षक दरबन्दी विवरण**

| क्र.सं. | तह | स्थायी दरवन्दी | राहत अनुदान | करार | स्थानीय तहबाट थप | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १. | बालविकास केन्द्र | ३६ | - | - | - | - |
| २. | आधारभूत कक्षा १-५ | ९७ | ११ | ४ | - | ११२ |
| ३. | आधारभूत कक्षा ६-८ | ३४ | १३ | २ | २ | ५१ |
| ४. | माध्यमिक कक्षा ९-१० | २५ | १३ | १ | - | ३९ |
| ५ | माध्यमिक कक्षा ११-१२ | - | - | १३ | - | १३ |
| | जम्मा | १९२ | ३७ | २० | २ | २५१ |

माथिको तालिका अनुसार यस पालिकामा शिक्षक दरवन्दि संघीय सरकारबाट उपलब्ध रहेका छन् भने स्थानीय तहबाटपनि शिक्षक व्यवस्था भएको छ। विद्यालयको स्थानीय स्रोतबाट विषय शिक्षक आपूर्ति हुने गरी शिक्षक व्यवस्था गरिएको छ।

## १.६ सबल पक्षहरु

यस स्थानीय तहले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ। प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गता–मैत्री कक्षाकोठा निर्माण गरिएको छ। प्रारम्भिक तहमा खेल–आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक सहभागिता कार्यक्रम सञ्चालन गरिएका छन् जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुर्‍याएका छन्। आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ। दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन्। शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन्। शिक्षक–विद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन्।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र ICT उपकरण उपलब्ध गराइएका छन् । विद्यालय भवनमा हरित र वातावरणीय सचेत पूर्वाधार लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ । साथै, अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम मार्फत महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता र व्यावसायिक सीप विकासमा योगदान पुर्‍याइएको छ । आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनका तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन् । बालबालिकाहरुमा सिकाई प्रति ध्यान केन्दित गर्नका लागि कालीगण्डकी खूशि कार्यक्रम शैक्षिक सत्र २०८३ देखि कक्षा १-८ सम्म लागु गरिएको छ ।

स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र अभिभावक/समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ । विद्यालय र समुदायबीच सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ । यसरी लागू गरिएका असल अभ्यासहरूले स्थानीय तहमा समावेशी, गुणस्तरीय, बालमैत्री र दिगो शिक्षा प्रणाली विकासमा महत्वपूर्ण योगदान पुर्‍याएका छन् र अन्य स्थानीय तहका लागि नमुना रूपमा प्रस्तुत गर्न सकिन्छ ।

## १.७ शिक्षा क्षेत्रका समस्याहरू

- विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु ।
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु ।
- पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु ।
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु ।
- स्थानीय पाठ्यक्रम प्रभावकारी कार्यान्वयन गर्न नसक्नु ।
- विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु ।
- सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु ।

- वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
- विद्यालय र बालविकास केन्द्रको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु ।
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु ।

## १.८ अवसरहरू

- संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,
- तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,
- सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,
- स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,
- स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु ,
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ,

## १.९ चुनौतीहरू

- लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु,
- जनसाङ्खिकीय प्रवृत्ति (विशेषत: जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यलाई पूर्णता दिनु,

- स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्नु,
- विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्नु,
- दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्यांकंन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्नु,
- विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्नु,
- जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्नु,
- सबै विद्यालयमा तोकिए अनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलन गर्नु,
- जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्नु,

# परिच्छेद दुईः
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

**"गुणस्तरीय, सिपमूलक, प्रविधिमैत्री र प्रतिस्पर्धी जनशक्ति कालीगण्डकीको पहिचान गुणस्तरीय शिक्षा सहितको संवृद्धिको अभियान" ।**

## २.२ लक्ष्य

समावेशी, नवप्रवर्तनशील र जीवनोपयोगी शिक्षामार्फत सीप, प्रविधि र मूल्यमा आधारित प्रतिस्पर्धी तथा जिम्मेवार जनशक्ति उत्पादन गर्ने ।

## २.३ उद्देश्य

यस पालिकाको **शैक्षिक उद्देश्यहरू** तपसिल बमोजिम रहेका छन् ।

१. सबैका लागि समतामूलक पहुँचसहित गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

२. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु ।

३. समावेशी, बालमैत्री तथा सुरक्षित विद्यालय वातावरण विकास गर्नु ।

४. सीप, प्रविधि, नवप्रवर्तन र जीवनोपयोगी शिक्षाको प्रवर्द्धन गर्नु ।

५. स्थानीय ज्ञान, संस्कृति र सम्भावनासँग शिक्षालाई आबद्ध गर्नु ।

६. शिक्षक तथा शैक्षिक संस्थाको क्षमता र सुशासन सुदृढ गर्नु ।

७. नैतिक, जिम्मेवार, प्रतिस्पर्धी तथा उद्यमशील जनशक्ति उत्पादन गर्नु ।

८. विद्यालय, परिवार, समुदाय र स्थानीय सरकारबीच शैक्षिक साझेदारी सुदृढ गर्नु ।

९.साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु ।

१०.वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

११.विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु ।

## २.४ रणनीतिहरु

| उद्देश्य | रणनीति |
|---|---|
| **१. सबैका लागि समतामूलक पहुँचसहित गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।** | **१.१** विद्यालय उमेर समूहका सबै बालबालिकाको पहिचान र शैक्षिक पहूँच सुनिश्चित गरिनेछ । |
| | **१.२** विद्यालय पहुँच नपुग्ने क्षेत्र तथा पछाडि परेका समुदायका बालबालिकालाई लक्षित विशेष सहयोग कार्यक्रम सञ्चालन गरिने । |
| | **१.३** अभिभावक र समुदायलाई सिकाइ साझेदार बनाइनेछ । |
| | **१.४** प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म निरन्तर शैक्षिक पहुँच सुनिश्चित गरिनेछ । |
| | **१.५** छात्रवृत्ति तथा शैक्षिक सहयोगलाई लक्षित र परिणामुखी बनाइनेछ । |
| | **१.६** सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्ण रूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गरिनेछ । |
| | **१.७** नियमित अनुगमन सहजीकरण र उत्तरदायी प्रणालीको विकास गरिनेछ । |
| | **१.८** शिक्षक तथा शैक्षिक स्रोतको आवश्यकतामा आधारित न्यायोचित व्यवस्थापन गरिनेछ । |
| | **१.९** कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि विशेष सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । |
| | **२.१** प्रारम्भिक कक्षामा आधारभूत साक्षरता, पठन संस्कृति र सङ्ख्यात्मक सीप विकासलाई अभियानका रूपमा सञ्चालन गरिनेछ । |
| | **२.२** विद्यार्थी केन्द्रित, सक्रिय, अनुसन्धानात्मक, परियोजनामा आधारित तथा अनुभवात्मक शिक्षण विधिलाई प्रवर्द्धन गरिनेछ । |

| | |
|---|---|
| **२. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु।** | **२.३** स्थानीय परिवेश, ज्ञान, सीप, स्रोत र सम्भावनालाई शिक्षण–सिकाइसँग आबद्ध गरिनेछ। |
| | **२.४** शिक्षकको विषयगत तथा पेशागत क्षमता विकासका लागि नियमित तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| | **२.५** सिकाइ उपलब्धिको अनुगमन र रिपोर्टिङ प्रणाली विकास गर्ने र स्थानीय स्तरमा अनुगमन तथा पृष्ठपोषण क्रियाकलापलाई मूलप्रवाहीकरण गरिनेछ। |
| | **२.६** स्थानीय पाठ्यक्रममा समायुनुकुल परिमार्जन तथा व्यवहारिक बनाइनेछ। |
| | **२.७** सिकाइ उपलब्धिमा आधारित पाठ्यक्रम कार्यान्वयन तथा विद्यालयस्तरीय शैक्षिक योजना प्रणाली विकास गरिनेछ। |
| | **२.८** निरन्तर, निर्माणात्मक तथा निदानात्मक मूल्याङ्कनका आधारमा उपचारात्मक सिकाइ सहयोग प्रणाली सञ्चालन गरिनेछ। |
| | **२.९** खुशी शिक्षालाइ विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा विकास गरिनेछ। |
| | **२.१०** सूचना तथा सञ्चार प्रविधि र डिजिटल शैक्षिक सामग्रीको समतामूलक तथा प्रभावकारी उपयोग गरिनेछ। |
| **३. समावेशी, बालमैत्री तथा सुरक्षित विद्यालय वातावरण विकास गर्नु।** | **३.१** समावेशी, बालमैत्री तथा सुरक्षित विद्यालयका न्यूनतम मापदण्ड निर्धारण गरी चरणबद्ध कार्यान्वयन गरिनेछ। |
| | **३.२** विद्यालयमा हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, विभेद र दण्डविरुद्ध शून्य सहनशीलता नीति लागू गरिनेछ। |
| | **३.३** अपाङ्गता तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि पहुँचयुक्त पूर्वाधार, सहायक सामग्री र विशेष सिकाइ सहयोग सुनिश्चित गरिनेछ। |

| | |
|---|---|
| | **३.४** बाल संरक्षण, गुनासो सुनुवाइ तथा विद्यालय सुरक्षा संयन्त्रलाई प्रत्येक विद्यालयमा संस्थागत गरिनेछ । |
| | **३.५** विद्यालय–परिवार–समुदाय–स्थानीय सरकारबीच बाल संरक्षण तथा सुरक्षित सिकाइ वातावरणका लागि प्रभावकारी साझेदारी निर्माण गरिनेछ । |
| | **३.६** बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्य गरिनेछ । |
| | **३.७** स्वास्थ्य, पोषण, सरसफाइ तथा मानसिक–सामाजिक सहयोग सेवामा बालबालिकाको पहुँच विस्तार गरिनेछ । |
| | **३.८** सकारात्मक अनुशासन तथा बालमैत्री, सहभागितामूलक शिक्षण–सिकाइ संस्कृतिको विकास गरिनेछ । |
| | **३.९** बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै स्वास्थ्य, पोषण, सरसफाइ तथा मानसिक–सामाजिक सहयोग सेवामा बालबालिकाको पहुँच विस्तार गरिनेछ । |
| **४.सीप, प्रविधि, नवप्रवर्तन र जीवनोपयोगी शिक्षाको प्रवर्द्धन गर्नु।** | **४.१** स्थानीय आवश्यकता र सम्भावनमा आधारीत सिपमूलक शिक्षा सञ्चालन गरिनेछ। |
| | **४.२** प्रत्यक विद्यालय-एक सीप उद्म कार्यक्रम सञ्चालन गरिनेछ । |
| | **४.३** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइ डिजिटल तथा प्रविधिमैत्री शिक्षण सिकाइको विकास गर्ने तथा प्रत्येक सामुदायिक विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला तथा सिकाइ सामग्रीसहितको पुस्तकालय र बुक कर्नर स्थापना गरि प्रविधिको प्रयोगको अवसर बढाउन ज्ञान तथा सिपको विस्तार गरी खोजमूलक शिक्षण सिकाइका लागि अनुकूल वातावरण सुनिश्चित गरिनेछ। |
| | **४.४** कृषि, पशुपालन, पर्यटन, हस्तकला लगायतका स्थानीय पेशा तथा व्यवसायसँग शिक्षालाई जोडिनेछ । |

| | |
|---|---|
| | **४.५** जीवनोपयोगी सीप जस्तै नेतृत्व, सञ्चार, निर्णय क्षमता, समस्या समाधान, वित्तीय साक्षरता र विपद् व्यवस्थापन सम्बन्धी शिक्षा दिइनेछ। |
| | **४.६** शिक्षकहरूको प्रविधि तथा सीपसम्बन्धी क्षमता विकास गर्ने। |
| | **४.७** विद्यार्थी तथा युवाका नवीन सोचलाई प्रोत्साहन गर्न नवप्रवर्तन तथा उद्यमशीलता कोषको व्यवस्था गरिनेछ। |
| | **४.८** विद्यार्थीलाई करियर परामर्श तथा व्यावसायिक मार्गदर्शन प्रदान गरिनेछ। |
| | **४.९** विद्यार्थीमा सिर्जनशीलता, खोज तथा अनुसन्धान र नवप्रवर्तनको विकास गर्न विद्यालयमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रदर्शनी सञ्चालन गरिनेछ। |
| **५.**स्थानीय ज्ञान, संस्कृति र सम्भावनासँग शिक्षालाई आबद्ध गर्नु। | **५.१** कालीगण्डकी क्षेत्रका स्थानीय प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनालाई शिक्षासँग जोडिनेछ। |
| | **५.२** स्थानीय इतिहास, कला, संस्कृति, भाषा, परम्परा र मौलिक ज्ञानलाई स्थानिय पाठ्यक्रम तथा शिक्षण सिकाइमा समावेश गर्ने। |
| | **५.३** स्थानीय उत्पादन तथा सीपलाई विद्यालयको अतिरिक्त क्रियाकलाप र सिकाइ उपलब्धिसँग जोडिनेछ। |
| | **५.४** स्थानीय समुदाय, अभिभावक, विद्यालय, वडा तथा गाउँपालिकाबीच साझेदारी र सहकार्य विकास गरिनेछ। |

| | |
|---|---|
| | **५.५** स्थानीय भाषा तथा बोलीको संरक्षण, प्रयोग र प्रवर्द्धनमा विद्यालयको भूमिका बढाइनेछ। |
| | **५.६** स्थानीय ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदालाई शैक्षिक भ्रमण तथा परियोजना कार्यसँग जोडिनेछ। |
| | **५.७** स्थानीय कृषि तथा परम्परागत सीपलाई विद्यालयमा प्रयोगात्मक सिकाइको माध्यम बनाइनेछ। |
| **६. शिक्षक तथा शैक्षिक संस्थाको क्षमता र सुशासन सुदृढ गर्नु।** | **६.१** शिक्षकहरूको विषयगत तथा पेशागत क्षमता विकासका लागि नियमित तालिम, कार्यशाला तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्ने |
| | **६.२** शिक्षकहरूबीच अनुभव आदान–प्रदान, सहकर्मी सिकाइ तथा उत्कृष्ट अभ्यासको आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ । |
| | **६.३** शिक्षकको कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ । |
| | **६.४** प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको नेतृत्व तथा व्यवस्थापकीय क्षमता विकास गरिनेछ । |
| | **६.५** विद्यालयको वार्षिक योजना, बजेट तथा कार्यक्रमलाई विद्यालय सुधार योजनासँग आबद्ध गरिनेछ। |
| | **६.६** विद्यालयहरूबीच सहकार्य, स्रोत तथा ज्ञान आदान–प्रदानको व्यवस्था गरिनेछ। |
| | **६.७** विद्यालय तथा शिक्षकको कार्यसम्पादनमा आधारित नियमित मूल्याङ्कन, अनुगमन र सुधार प्रणाली विकास गरिनेछ। |
| | **६.८** विद्यालयमा नियमित शिक्षक उपस्थिति, समयपालन र जिम्मेवारी निर्वाह सुनिश्चित गरिनेछ। |

| | |
|---|---|
| | **६.९** विद्यालयको नियमित अनुगमन, निरीक्षण तथा शैक्षिक सुपरीवेक्षणलाई प्रभावकारी बनाइनेछ । |
| | **६.१०** स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मार्गदर्शन गर्ने पद्धतिको विकास गरिनेछ । |
| **७.नैतिक, जिम्मेवार, प्रतिस्पर्धी तथा उद्यमशील जनशक्ति उत्पादन गर्नु ।** | **७.१** विद्यालय तहदेखि नै नैतिकता, अनुशासन, सदाचार र जिम्मेवारीबोध विकास कक्षा १ देखि नै खुशी शिक्षा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| | **७.२** बालक्लब, युवा क्लब तथा विद्यार्थी नेतृत्वमार्फत नेतृत्व र जिम्मेवारी निर्वाह गर्ने अवसर प्रदान गरिनेछ । |
| | **७.३** विद्यार्थीका नवीन सोच, सिर्जनशीलता तथा व्यावसायिक योजनालाई प्रोत्साहन गरिनेछ । |
| | **७.४** स्थानीय तथा राष्ट्रिय श्रम बजारको आवश्यकताअनुसार सीप परीक्षण तथा सीप प्रमाणीकरणको व्यवस्था गरिनेछ । |
| | **७.५** विद्यार्थीहरुमा श्रमको सम्मान, आत्मनिर्भरता र उत्पादनमुखी संस्कारको विकास गरिनेछ । |
| **८. विद्यालय, परिवार, समुदाय र स्थानीय सरकारबीच शैक्षिक साझेदारी सुदृढ गर्नु ।** | **८.१** विद्यालय, परिवार, समुदाय र स्थानीय सरकारबीच नियमित समन्वय तथा सहकार्यको संयन्त्र विकास गरिनेछ । |
| | **८.२** विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघलाई सक्रिय तथा प्रभावकारी बनाइने छ । |

| | |
|---|---|
| | ८.३ विद्यालयलाई स्थानीय समुदायको ज्ञान, सीप, स्रोत र अनुभव आदान–प्रदान गर्ने केन्द्रका रूपमा विकास गरिनेछ। |
| | ८.४ विद्यालय सुधार योजनालाई गाउँपालिकाको शिक्षा योजना तथा स्थानीय विकास योजनासँग आबद्ध गरिनेछ। |
| | ८.५ विपद्, महामारी तथा अन्य संकटका समयमा विद्यालय–परिवार–समुदाय–स्थानीय सरकारबीच संयुक्त शैक्षिक व्यवस्थापन प्रणाली विकास गरिनेछ। |
| | ८.६ विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नियमित अनुगमन, सुपरीवेक्षण तथा प्राविधिक सहयोग प्रदान गरिनेछ। |
| | ८.७ विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान, भर्ना र निरन्तरताका लागि परिवार–समुदाय–स्थानीय सरकारबीच सहकार्य गरिनेछ। |
| | ८.८ स्थानीय उद्योग, व्यवसाय, कृषि तथा सहकारीसँग विद्यालयको साझेदारी विकास गरी विद्यार्थीलाई व्यवहारिक सिकाइ तथा सीप विकासका अवसर प्रदान गरिनेछ। |
| **९.साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु।** | ९.१ गाउँपालिकाभित्रका निरक्षर तथा न्यून साक्षर नागरिकको पहिचान गरी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ९.२ वडा तथा समुदायस्तरमा सामुदायिक साक्षरता कक्षा सञ्चालन गरिनेछ। |
| | ९.३ साक्षर भएका नागरिकका लागि निरन्तर सिकाइ तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ९.४ विद्यालय, सामुदायिक सिकाइ केन्द्र तथा पुस्तकालयलाई निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा विकास गर्ने। |

| | |
|---|---|
| | ९.५ महिला, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा शिक्षा अवसरबाट वञ्चित समूहलाई लक्षित गरी विशेष साक्षरता तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ९.६ समुदायमा पढ्ने संस्कृतिको विकास गर्न वाचन कार्यक्रम, पुस्तक चर्चा, अध्ययन समूह तथा ज्ञान आदान–प्रदान कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ९.७ विद्यालय बाहिर रहेका किशोरकिशोरी तथा युवाका लागि वैकल्पिक तथा खुला शिक्षाको अवसर विस्तार गरिनेछ। |
| **१०.वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।** | १०.१ विद्यालय बाहिर रहेका तथा विद्यालय छोडेका बालबालिकाको नियमित पहिचान र अभिलेखीकरण गरिनेछ। |
| | १०.२ लक्षित समूहको आवश्यकता र अवस्थाअनुसार लचकदार वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ। |
| | १०.३ सामुदायिक सिकाइ केन्द्रलाई वैकल्पिक तथा जीवनपर्यन्त सिकाइको केन्द्रका रूपमा सुदृढ गरिनेछ। |
| | १०.४ विद्यालय छोडेका बालबालिकाका लागि 'पुनःविद्यालय प्रवेश तथा सिकाइ पुनर्स्थापना कार्यक्रम' सञ्चालन गरिनेछ। |
| | १०.५ महामारीलगायत आपत्कालीन तथा सङ्कटापन्न अवस्थामा पनि विद्यालयहरू बालबालिकाहरूको शिक्षा पाउने अधिकार प्रत्याभूत भएको सुनिश्चित गर्न सक्षम हुनेछ। |
| | १०.६ स्थानीय परिवेशअनुकूल सिकाइ सामग्री विकास गरिनेछ। |
| | १०.७ वैकल्पिक सिकाइबाट प्राप्त ज्ञान, सीप र दक्षताको पहिचान तथा प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ। |
| **११.विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा** | १०.१ जलवायु तथा विपद् जोखिमको आधारमा विद्यालय पूर्वाधार योजना निर्माण गरिनेछ। |

| | |
|---|---|
| **जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु ।** | **१०.२** विद्यालयहरूले आ-आफ्ना विद्यालयको सङ्कटापन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना तयार गर्न स्थानीय सरकार र विद्यालयको क्षमता विकास गरिनेछ । |
| | **१०.३** नियमित विपद् अभ्यास (Drill) सञ्चालन गरिनेछ । |
| | **१०.४** विद्यालय पूर्वाधारको नियमित सुरक्षा परीक्षण र मर्मत गरिनेछ । |
| | **१०.५** विद्यालयलाई स्थानीय विपद् सूचना प्रणालीसँग जोडिनेछ । |
| | **१०.६** जलवायु–उत्थानशील विद्यालय मापदण्ड विकास र कार्यान्वयन गरिनेछ । |
| | **१०.७** हरित तथा वातावरणमैत्री विद्यालय अवधारणा कार्यान्वयन गरिनेछ । |

## २.५ अपेक्षित उपलब्धि

यस योजनाको कार्यान्वयन पश्चात निम्नानुसारको उपलब्धि प्राप्त हुनेछ ।

१.सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ ।

२.पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार सिकाइ उपलब्धि प्रभावकारी रुपम हासिल भएको हुने छ ।

३.विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित भएको हुने छ।

४.सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश््चित हुने छन् । परिणामस्वरूप प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको प्रतिशत १०० पुगेको हुनेछ ।

५.सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था हुनेछ ।

६.सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुनेछ ।

७.सबै विद्यालयहरूमा बालमैत्री भौतिक पूर्वाधारहरुको विकास भएको हुनेछ ।

८.सबै विद्यालयहरू व्यवहारकुशल/गैर संज्ञानात्मक सिप, सामाजिक तथा नागरिक सक्षमतासहित सान्दर्भिक सिकाइ प्रदान गर्न सक्षम भएको तथा सूचना तथा सञ्चार प्रविधिमा पहुँच पुगेको हुनेछ।

९.अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि हुनेछ ।

१०.माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने।

११.माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुनेछ।

१२.लैङ्गिकता, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातीय, प्रादेशिक, क्षेत्रीय, भाषिक पृष्ठभूमि आदिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुनेछ।

१३.सबै विद्यालयहरूमा बालमैत्री भौतिक पूर्वाधारहरुको विकास भएको हुनेछ।

१४.नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना मार्फत योजनाको कार्यान्वयनमा प्रभावकारिता तथा सक्षमता सुनिश्चित भएको हुनेछ।

१५.विद्यालय पूर्वाधार विकासमा जलवायु-उत्थानशीलता सुनिश्चत हुने छ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ।

**तालिका:२.१ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | निकाय | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | **प्रारम्भिक बालविकास र** | स्थानीय | १०७ | १०५ | १०३ | १०२ | गण्डकी प्रदेशको शैक्षिक |
| | | प्रदेश | १२८.२८ | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **शिक्षामा कूल भर्ना दर(%)** | राष्ट्रिय | १२१.०४ | - | - | - | तथ्याङ्क-२०८३ |
| १.२ | **प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%)** | स्थानीय | ८५.३९ | ९० | ९५ | १०० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ९१.८० | - | - | - | |
| | | राष्ट्रिय | ८७.७३ | - | - | - | |
| | | | **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | |
| २.१ | **कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%)** | स्थानीय | ९६.२३ | ९८ | ९९ | १०० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ९६.१५ | - | - | - | |
| | | राष्ट्रिय | ९७.७७ | - | - | - | |
| २.२ | **कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%)** | स्थानीय | १२५.११ | ११५ | १०५ | १०२ | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | १४४.९३ | - | - | - | |
| | | राष्ट्रिय | १७१.९५ | | | | |
| २.३ | **आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%)** | स्थानीय | ९५.५३ | ९७.५ | ९८.५ | १०० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ९५.४५ | - | - | - | |
| | | राष्ट्रिय | ९७.९५ | - | - | - | |
| २.४ | **आधारभूत तह (प्राथमिक कक्षा** | स्थानीय | ११३.५० | ११० | १०५ | १०२ | |
| | | प्रदेश | १२०.१९ | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **१-५) मा कूल भर्ना दर (%)** | राष्ट्रिय | १३३.८२ | - | - | - | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| २.५ | **आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%)** | स्थानीय | ९२.५ | ९५ | ९८ | १०० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ९३.३ | - | - | - | |
| | | राष्ट्रिय | ९३. | - | - | - | |
| २.६ | **आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%)** | स्थानीय | ९६.३७ | ९७ | ९८.५ | १०० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ९४.३४ | - | - | - | |
| | | राष्ट्रिय | ९४.५४ | - | - | - | |
| २.७ | **आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क** | स्थानीय | ०.८२ | ०.८५ | ०.९० | ०.९५ | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ०.८६ | - | - | - | |
| | | राष्ट्रिय | ०.८९ | - | - | - | |
| २.८ | **आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%)** | स्थानीय | ९६.२३ | ९७.५ | ९८.५ | १०० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ९६.१५ | - | - | - | |
| | | राष्ट्रिय | ९७.७७ | - | - | - | |
| २.०९ | **आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%)** | स्थानीय | ११७.३८ | ११३ | ११८ | १०३ | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | १२६.१७ | - | - | - | |
| | | राष्ट्रिय | १३६.१९ | - | - | - | |
| २.१० | **आधारभूत तहको कक्षा ८** | स्थानीय | ८६.६४ | ९० | ९५ | १०० | |
| | | प्रदेश | ८४.४२ | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **सम्मको टिकाउ दर* (%)** | राष्ट्रिय | ७९.७६ | - | - | - | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| २.११ | **आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक** | स्थानीय | ०.८७ | ०.९२ | ०.९५ | १०० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ०.८७ | - | - | - | |
| | | राष्ट्रिय | ०.९० | - | | - | |
| २.१२ | **विद्यालय वाहिर रहेकाबालबालिका (%)** | स्थानीय | ०.३ | ०.१ | ० | ० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | - | - | - | - | |
| | | राष्ट्रिय | - | - | - | - | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | |
| ३.१ | **माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%)** | स्थानीय | ७१.८३ | ७८ | ९५ | ९९ | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ५९.०३ | - | - | - | |
| | | राष्ट्रिय | ५१.२८ | - | - | - | |
| ३.२ | **माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%)** | स्थानीय | ८८.०३ | ९०.५ | ९२.५ | ९४.० | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ७९.८६ | - | - | - | |
| | | राष्ट्रिय | ७५.४९ | - | - | - | |
| ३.३ | **माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२)** | स्थानीय | ०.९९ | १.० | १.० | | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ०.९५ | - | - | | |
| | | राष्ट्रिय | ०.९६ | - | - | | |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | |
| ४.१ | | स्थानीय | ७८.३ | ८०.२ | ८५ | ८९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%)** | प्रदेश | - | - | - | - | राष्ट्रिय जनगणना -२०७८ |
| | | राष्ट्रिय | ७२.५ | - | - | - | |
| ४.२ | **साक्षरता दर (६ वर्ष भन्दा माथि) (%)** | स्थानीय | ८२.१५ | ८६ | ८८ | ९५ | राष्ट्रिय जनगणना -२०७८ |
| | | प्रदेश | ९०.८५ | - | - | - | |
| | | राष्ट्रिय | ७६.२ | - | - | - | |

६. सुशासन तथा व्यवस्थापन

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.१ | **आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)** | स्थानीय | ०९:०१ | १५:०१ | २५:०१ | | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | १०:०१ | - | - | | |
| | | राष्ट्रिय | २३:०१ | - | - | | |
| ६.२ | **आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)** | स्थानीय | १३:०१ | २०:०१ | २५:०१ | | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | २३:०१ | - | - | - | |
| | | राष्ट्रिय | ४५:०१ | - | - | - | |
| ६.४ | **माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय)** | स्थानीय | १०:०१ | १५:०१ | २२:०१ | | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | १६:०१ | - | - | | |
| | | राष्ट्रिय | २७:०१ | - | - | | |
| ६.५ | **माध्यमिक तह (कक्षा११-१२) मा विद्यार्थी: शिक्षक अनुपात** | स्थानीय | २०:०१ | २२:०१ | २५:०१ | | गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क -०८३ |
| | | प्रदेश | ३२:०१ | - | - | | |
| | | राष्ट्रिय | ५०:०१ | - | - | | |

७.शिक्षक विकास शासकीय प्रवन्ध तथा व्यवस्थापन

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७.१ | **शिक्षक क्षमता विकास तालिम** | स्थानीय/ पटक | १ | १ | १ | ५ | |
| ७.२ | **शिक्षक पेशागत सहयोग कार्यविधि निर्माण तथा सहयोग** | स्थानीय/ पटक | आवश्कता अनुसार | आवश्कता अनुसार | आवश्कता अनुसार | आवश्कता अनुसार | |
| ७.३ | **प्रधानाध्यापक सँग कर्यसम्पादन करार** | स्थानीय | सबै | सबै | सबै | सबै | |
| ७.४ | **शिक्षा सम्बन्धी कानुन तथा मापदण्ड विकास** | स्थानिय /वटा | २ | २ | ५ | १० | |
| ७.५ | **विद्यालय कार्यसम्पादन मूल्याङ्कन** | पटक | १ | - | १ | ३ | |
| ७.६ | **पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको प्रतिशत** | | ४.५ | ६ | १२ | १७ | |
| ७.७ | **पालिकातर्फको बजेटमा शिक्षा क्षेत्रको प्रतिशत-ससर्त बाहेक** | | ७ | १० | १५ | १९ | |

# परिच्छेद तीन :
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बाल विकास र शिक्षा (Early Childhood Development and Education) ४ वर्ष उमेरका बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, भाषिक तथा बौद्धिक विकासलाई प्रवर्द्धन गर्ने समग्र प्रक्रिया हो । प्रारम्भिक बाल शिक्षा तथा विकास ४ वर्ष (४८-६० महिना) का बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासका लागि कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि पनि हो। नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनि उल्लेख गरिनु र शिक्षा ऐन, २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । बालविकास केन्द्रहरुको सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन्।

### ३.१.२.वर्तमान अवस्था

यस पालिका अन्तर्गत जम्मा ३८ वटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन्। उक्त केन्द्रहरुमध्ये सामुदायिक विद्यालयमा आधारित ३२ वटा संस्थागत विद्यालयमा आधारित ३ वटा र ३ समुदायमा आधारित कक्षा रहेका छन्। शैक्षिक तथ्याङ्क २०८२ अनुसार प्रारम्भिक बालविकास केन्द्रमा विद्यार्थी भर्ना दर ९८ प्रतिशत पुगेको छ।

यस पालिकाको सन्दर्भमा हेर्दा प्रारम्भिक बाल विकास तथा शिक्षाको पहुँच विस्तारमा उल्लेखनीय

सफलता हासिल भएको छ। तर अबको मुख्य चुनौती संख्या बढाउनेभन्दा गुणस्तर सुधार गर्ने हो । सबै बालबालिकालाई समान अवसर, पर्याप्त सिकाइ सामग्री, योग्य सहजकर्ता, सुरक्षित तथा बालमैत्री वातावरण र खेलमा आधारित गुणस्तरीय सिकाइ उपलब्ध गराउनु आजको प्रमुख आवश्यकता हो। प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.१ प्रारम्भिक बाल विकाससम्बन्धी विवरण - २०८२**

| सि.नं | विवरण | सामुदायिक | कैफियत |
|---|---|---|---|
| १. | बालविकास केन्द्र सङ्ख्या | ३२ | |
| २. | विद्यार्थी सङ्ख्या | ४६९ | |
| ३. | केन्द्र र विद्यार्थी अनुपात | १४.६५ | |
| ४. | कुल भर्नादर | १०७.० | |
| ५. | खुद भर्नादर | ८०.८१ | |
| ६. | सरकारी अनुदानको प्रारम्भीक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | २ | |
| ७. | न्यूनतम पूर्वाधार पूरा भएका बालविकास केन्द्र सङ्ख्या | २३ | |
| ८. | तालिम प्राप्त सहजकर्ता सङ्ख्या | २५ | |

माथिको तालिका अनुसार विद्यालय संख्याको आधारमा बालविकास केन्द्र सञ्चालनमा रहेको भएतापनि विद्यार्थी संख्या न्युन रहेको देखिन्छ। सबै बालविकास केन्द्रमा न्युनतम पुर्वाधार पूर्णरुपमा पुगेको छैन। केही सहजकर्ताहरुले तालिम प्राप्त गरेका छैनन्।

### ३.१.३ उदेश्य

यस योजनाले प्रारम्भिक बाल विकास तथा शिक्षा तथा कार्यक्रमका सन्दर्भमा निम्न उद्देश्य राखेको छः

१.चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,

२.प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,

३.बालबालिकालाई विद्यालयको वातावरणसँग परिचित गराई कक्षा १ मा प्रवेश तथा औपचारिक शिक्षाका लागि तयार गर्नु,

४.बालबालिकाको विकास र सिकाइमा घर, विद्यालय र समुदायबीच सहकार्य स्थापना गर्नु,

### ३.१.४ रणनीतिहरू

१.सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरिनेछ,

२.वालविकास केन्द्रहरुको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गरिनेछ,

३.जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गरिनेछ,

४.प्रारम्भिक बाल विकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गरिनेछ,

५.कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ,

६.ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गरिनेछ,

७.कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गरिनेछ,

८.स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाइनेछ,

९.पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गरिनेछ,

१०.भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गरिनेछ।

११.बालबलिकाहरूको आवश्यकताअनुसार भाषिक विकास तथा सञ्चारका लागि माध्यम भाषाका रूपमा परिचित भाषाको प्रयोगमा सहजीकरण गर्न मातृभाषा र/वा स्थानीय भाषामा स्रोतसामग्रीहरूको विकास गरिनेछ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने।

**ख) प्रमुख नतिजा**

१.प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,

२.प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने ,

३.सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने,

४.बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,

५.भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,

६.प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने।

## ग) प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण गर्ने | पटक | १ | - | - | १ | - | २ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | - | - | १ | - | २ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | २०८६ /८७ | जम्मा | |
| | गरी थप सेवा उपलब्ध गराउने | | | | | | | | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | वटा | २ | ६ | ८ | ८ | ८ | ३२ | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | वटा | सबै केन्द्रमा | सबै केन्द्रमा | सबै केन्द्रमा | सबै केन्द्रमा | सबै केन्द्रमा | सबै केन्द्रमा | |
| ९ | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक/ वर्ष | १ | १ | १ | १ | १ | ५ | |
| १० | प्रारम्भिक बालशिक्षामा शैक्षिक पूर्वाधार, सिकाइ क्षेत्र तथा खेल सामग्रीहरूको पूर्वाधार निर्माण | वटा | २ | १० | १० | ५ | ५ | ३२ | |
| ११ | सहजकर्ताको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | २०८६ /८७ | जम्मा | |
| १२ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १४ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | |

| क्र सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| | परामर्श उपलब्ध गराउने | | | | | | | | |
| १७ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १८ | प्रारम्भिक वालविकास तथा शिक्षकको सेवा तथा सुविधामा वृद्धी गर्ने | संख्या | सबै | सबै | सबै | सबै | सबै | | संघको निर्णय अनुसार |
| १९ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | वटा | १ | १ | १ | १ | १ | ५ | |
| २० | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | जना | आवश्य कता अनुसार | आवश्य कता अनुसार | आवश्य कता अनुसार | आवश्य कता अनुसार | आवश्य कता अनुसार | | |

## ३.२ आधारभत् शिक्षा

### ३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ। राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गिण विकासको आधारनै शिक्षा हो। शिक्षा कुनैपनि देशको  राष्ट्रिय पुँजि हो जसले भविश्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ। शिक्षाले सक्षम, सवल, सभ्य, समावेशि, समन्यायिक जनशक्ति उत्पादनमा सघाउँछ ।शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजि निर्माण हो। त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखि नेपाली " को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ ।शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभुत शिक्षाको कुशल सफल मितव्ययी समावेशि र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्छ र थप सिकाइ तथा माध्यमिक शिक्षाका लागि तयारीको सुनिश्चितता गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासका साथै मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा सहभागी हुन लागि सक्षम बनाउँछ। आधारभूत शिक्षा व्यक्तिको जीवन र आगामी शिक्षाको बलियो जग निर्माण गर्ने शिक्षाको महत्वपूर्ण चरण हो। नेपालको संविधान तथा शिक्षा सम्बन्धी नीतिगत व्यवस्थाअनुसार प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा मानिन्छ। यसले बालबालिकालाई आवश्यक ज्ञान, सीप, मूल्य, व्यवहार तथा जीवनोपयोगी क्षमता विकास गर्न सहयोग गर्दछ । आधारभूत शिक्षाका प्रारम्भिक वर्षहरू (कक्षा १-३) मा बालबालिकाहरूले आधारभूत सिकाइ सिपहरू (गणित, साक्षरता, व्यवहारकुशल सिप, अन्तरवैयक्तिक सिप) सिक्छन् । यसले उनीहरूलाई भविष्यको सिकाइमा मद्दत गर्छ । प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाहरूले भविष्यमा बढी सिक्ने सम्भावना देखिएको छ, विद्यालयको तयारीका लागि यो मुख्य सूचक हो।

### ३.२.२ नीति  तथा नीतिगत व्यवस्था

नागरिकको शिक्षालाई सुनिश्चित गर्न  नेपालको संविधन, २०७२ को धारा  ३१ मा आधारभूत शिक्षा निः शुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न  नीतिगत तथा कानुनि व्यवस्था गरिएको छ। नेपालको संविधान, २०७२ को अनुसुची ८  खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि

व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ। संविधानको अनुसुचि ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ। शिक्षा ऐन २०२८, शंशोधन सहित शिक्षा नियमावलि शंशोधन सहित, २०५९ शिक्षक सेवा आयोगको नियमावली शंशोधन सहित, २०५७ को व्यवस्था गरिएको छ। स्थानिय सरकार सञ्चालन ऐन, २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ। दीगो विकासको चौंथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ। सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभुत शिक्षाको सुनितश्चितता गर्ने। दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ। चालु १६ औं पञ्वर्षिय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवद्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

यस पालिकाको आधारभूत तहमा ९६.२३ प्रतिशत खुद भर्नादर रहेको छ। यो दर राष्ट्रिय दर सँग मिल्दो रहेको छ। आर्थिक तथा सीमान्तकृत समुदायका दलित, जनजाति तथा भौगोलिक रूपमा दुर्गम तथा सङ्कटापन्न अवस्थामा रहेका बालबालिकाहरूको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच कम छ। आधारभूत तहका विद्यालय जाने उमेरका ०.५ प्रतिशत बालबालिका अझै विद्यालय बाहिरै छन्। आधारभूत तहमा कक्षा दोहोर्याउने दर २.७६ र छाड्ने दर ०.८७ रहेको छ। विशेष गरी कक्षा १ मा र अरू कक्षामा यो दर बढ्दो छ।

आधारभूत शिक्षामा भर्ना भई अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु सबैभन्दा ठुलो चुनौतीको रूपमा रहेको छ भने प्रारम्भिक कक्षाहरूमा पढाइ र गणितको सिकाइ उपलब्धि न्यून छ । एउटा वाक्य पनि पढ्न नसक्ने वा आधारभूत गणितीय समस्या समाधान गर्न नसक्ने विद्यार्थीको संख्या अधिक रहेको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको विद्यार्थीहरूको उपलब्धि परीक्षणअनुसार तल्लो कक्षाका विद्यार्थीको सिकाइ उपलब्धि विद्यालय क्षेत्र विकास योजनाकालदेखि नै बृद्धि हुन सकेको छैन।

शिक्षक, प्र.अ, वि.व्य.स पदाधिकारीहरू विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुने तथा आधारभूत विद्यालयहरूमा अनुकूल सिकाइ वातावरण बनाउन सुनिश्चित गर्ने प्रणालीको विकास हुनु आवश्यक छ। विद्यालयहरुमा न्युनतम शिक्षक व्यवस्थापन हुन सकेको छैन। आधारभूत तह कक्षा ६-८ मा न्युनतम विषयगत शिक्षकको व्यवस्था हुनु सकेको छैन।

जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ, बस्तीको स्वरूपमा आएको परिवर्तनका कारण आधारभूत तहका धैरै विद्यालयहरूको नक्शाङ्कन गरी समायोजन गर्न आवश्यक छ। विद्यालयका भौतिक तथा शैक्षिक (बाल/ लैङ्गिक/अपाङ्गतामैत्री) अवस्था पहुँचयोग्य तथा समावेशी बनाउन थप प्रयास आवश्यक छ। यसै गरी पोषण, स्वास्थ्य, पानी, सरसफाइ आदि जस्ता बालबालिकाहरूको विकास, कल्याण तथा सिकाइमा प्रभाव पार्ने सेवाहरूलाई विस्तार तथा एकीकरण गर्नु आवश्यक छ।

यस पालिकामा जम्मा सञ्चालित ३७ विद्यालयमध्ये सामुदियक विद्यालय संख्या ३४ रहेको छ। आधारभूत तह सञ्चालन हुने विद्यालय संख्या २३ रहेको छ। पालिकाको आधारभूत शिक्षासंग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.२ आधारभूत शिक्षासम्बन्धी सूचकहरु -२०८२**

| सि.नं. | विवरण | संख्या/दर | कैफियत |
|---|---|---|---|
| ४ | कुल भर्नादर (१-५) | ११३.५० | |
| ५ | खुद भर्नादर(१-५) | ९५.५३ | |
| ६ | कुल भर्नादर (१-८) | ११७.३८ | |
| ७ | खुद भर्नादर (१-८) | ९६.२३ | |
| ८ | कक्षा ५ पूरा गर्ने दर | ९६.५३ | |
| ९ | कक्षा ५ को टिकाउदर | ९७ प्र. | |
| १० | कक्षा ८ पूरा गर्ने दर | ९१.५५ | |
| ११ | कक्षा ८ को टिकाउदर | ९७ | |
| १२ | विद्यालय बाहिर रहेको आधारभूत तह उमेर समूहको जनसङ्ख्या | ३ | जना |
| १३ | कक्षा दोहोर्‍याउने दर (१-८) | ५.०२ | |
| १४ | कक्षा छाड्ने दर (१-८) | ३.४३ | |
| १५ | ३० दिनको तालिम प्राप्त शिक्षक सङ्ख्या | ७५ | प्रतिशत |

### ३.२.४ उद्देश्य

१.आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२.आधारभुत तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु,

३.आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

४.विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूलाई न्यूनतम सिकाइ उपलब्धि सहित आधारभूत तहको शिक्षाको पूर्ण चक्र पूरा गर्न समर्थ तुल्याउनु,

५.पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराई बालबालिकाको पढाइ, लेखाइ, गणितीय तथा विषयगत सिकाइ क्षमतामा सुधार गर्नु,

६.विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई समावेशी, उत्थानशील र जवाफदेही बनाउनु,

७.बालबालिकाको विद्यालय छाड्ने दर घटाई भर्ना, नियमित उपस्थिति, टिकाउ दर तथा तह पूरा गर्ने दरमा सुधार गर्नु,

### ३.२.५ रणनीतिहरू

१.सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्ण रूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गरिनेछ।

२.विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गरिनेछ।

३.सबैका लागि निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याइनेछ।

४.अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ।

५.विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

६.आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइको निरन्तरता सुनिश्चतता गर्ने गरी विद्यालयहरूको क्षमता विकास गरिनेछ।

६.न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरिनेछ।

८.शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेही बनाइनेछ।

९.विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरिनेछ।

१०.विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ।

११.सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराइनेछ।

१२.शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गरिनेछ।

१४.कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिनेछ।

१५.आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

१६.मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याइनेछ।

१७.शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गरिनेछ।

१८.विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चाल  गरिनेछ।

१९.विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ।

२०.स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने।

२१.विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरिनेछ।

२२.विद्यालय शिक्षालाई प्रकोप, संकटत था महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ।

२३.विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने।

२४.दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गरिनेछ।

२५.शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिनेछ।

२६.नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

- अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।
- पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने।
- विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भई आधारभूत तहका सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने।
- शिक्षणमा सुचना प्रविधिको उच्चतम प्रयोग हुने।
- लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने।

**ख) प्रमुख नतिजा**

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागि हुने।
- सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने।
- न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने।
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने।
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने।
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने।
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने।
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने।

- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने।
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने।
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष २०८२/८३ | २०८२/८३ | २०८३/८४ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | वटा | - | १ | - | १ | - | १ | ३ | ८ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था - विद्यालय | संख्या | १० | ५ | १० | ९ | सबै | सबै | सबै | सबै | मा.वि./आ.वि. |
| ३ | सबै बालबालिकाल ाई विद्यालय भर्ना। | जना | - | ५ | ७ | ५ | सबै | सबै | सबै | | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाह | विद्यालय | ५ | ७ | ७ | ७ | २ | ४ | ३२ | सबै | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रूका लागि पठन सामग्री व्यवस्था | | | | | | | | | | |
| ५ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धि शिक्षक तालिम | जना | २० | २२ | २२ | २२ | २२ | २२ | ११० | सबै शिक्षक | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | दुई कोठे भवन | | २ | २ | २ | २ | २ | १० | ३० | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १ | | १ | १ | १ | १ | १ | ५ | ८ | |
| ८ | शिक्षक क्षमता विकास तालिम सञ्चालन | जना | | २२ | २२ | २२ | २२ | २२ | ११० | सबै शिक्षक | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | १ | - | - | १ | - | २ | ३ | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री | विद्यालय | ३ | ७ | ७ | १० | ४ | ३ | ३२ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा क्षमता विकास | | | | | | | | | | |
| १<br>१ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | पटक | | १ | १ | १ | १ | १ | ५ | १० | |
| १<br>२ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | | १० | १० | १० | १० | १० | ५० | | |
| १<br>३ | पाठनसीप विकास कार्यक्रम लागु | विद्याल य | १८ | २५ | सबै | सबै | सबै | सबै | सबै | | |
| १<br>४ | खुशी शिक्षा समबन्धी तालिम | शिक्षक संख्या | ३५ | ७० | १२० | सबै | सबै | सबै | सबै | सबै | |
| १<br>५ | विपन्नका लागि ड्रेस, स्टेशनरी छात्रबृत्ति | जना | | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| १<br>६ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | | २२ | २२ | २२ | २२ | २२ | ११० | | |
| १८ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना | पटक | | १ | १ | १ | १ | १ | ५ | | |
| १९ | विव्यस, शिअसं का पदाधिकारीहरू को क्षमता विकास | जना | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | | | |
| २० | अभिभावक अभिमुखिकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | १ | ५ | | |
| २१ | अतिरिक्त क्रियाकलाप संचालन गर्ने | पटक | | १ | १ | १ | १ | १ | ५ | | |
| २२ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | ३ | ५ | ५ | ५ | ५ | ५ | २५ | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा आधारभूत शिक्षा पछिको महत्वपूर्ण तह हो । नेपालले कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा मानिन्छ। यस तहले विद्यार्थीलाई उच्च शिक्षा, रोजगारी, व्यावसायिक तथा प्राविधिक शिक्षा र जिम्मेवार नागरिक जीवनका लागि आवश्यक ज्ञान, सीप, क्षमता, मूल्य र व्यवहार विकास गर्ने आधार प्रदान गर्दछ। माध्यमिक शिक्षाले व्यवहारयुक्त जनशक्तिको विकास गर्ने उद्धेश्य लिएको छ। यसले विश्व बजारमा प्रवेश गर्न र नागरिकलाई उच्च शिक्षा हाँशिल गरी सक्षम बनाउने आधार प्रदान गर्दछ। नेपालको संबिधानले माध्यमिक शिक्षालाई निशुल्क रुपमा प्राप्त गर्ने अधिकारको प्रत्याभूति गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न ३ वटै तहका सरकारलाई जिम्मेबारी प्रदान गरेको छ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवात गरिएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास  तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ। नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन,  २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति,  २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम्  उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति,  २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

माध्यमिक शिक्षामा विद्यार्थी भर्ना तथा प्रतिस्पर्धामा उल्लेख्य प्रगति भएको भएतापनि माध्यमिक तहको उमेर (१३-१६ वर्ष) का करिब १.५ प्रतिशतको सङ्ख्या अझै पहुँचबाहिर छ। दिगो जीवनयापनका लागि शिक्षाको सान्दर्भिकता अभिवृद्धि गर्न माध्यमिक शिक्षामा जीवनोपयोगी सिकाइलाई एकीकृत गर्न आवश्यकता देखिएको छ। सोहीअनुसार शिक्षकलाई शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको

व्यापक तथा प्रभावकारी रूपमा प्रयोग गरी नयाँ ज्ञान, सिप तथा प्रविधियुक्त बनाउनुपर्छ । नेपालमा माध्यमिक शिक्षा कक्षा ९–१२ सम्म सञ्चालन हुँदै आएको छ । पछिल्ला वर्षहरूमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए पनि गुणस्तरीय सिकाइ, विद्यार्थी टिकाइ, विषयगत दक्षता, शिक्षक व्यवस्थापन, प्राविधिक तथा व्यावसायिक शिक्षा र विद्यालय व्यवस्थापन अझै प्रमुख सुधारका क्षेत्रका रूपमा रहेका छन् ।विद्यालय क्षेत्र विकास योजनाको अवधिमा माध्यमिक विद्यालयहरूलाई शिक्षण सहयोग अनुदानअन्तर्गत उपलब्ध गराइएको अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक सङ्ख्या अपर्याप्त छ । विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत यी पदहरूलाई स्थायी पदमा रूपान्तरण गर्नु आवश्यक छ। भौतिक सुविधा, प्रयोगशालालगायतका कारण पहुँचमा सुधार आएको भएतापनि ठुलो सङ्ख्यामा विद्यालयहरूमा यी सुविधा पुर्याउन बाँकी नै छ ।

विद्यालयबाहिर रहेका माध्यमिक विद्यालय उमेरका बालबालिकाहरू विशेष गरी न्यून सामाजिक-आर्थिक, अपाङ्गता, दलित र मुस्लिम समुदायका किशोरी , सीमान्तकृत/दुर्गम क्षेत्रका बालबालिकाको सहभागिता तथा उनीहरूलाई टिकाइराख्ने कार्य चुनौतीपूर्ण छ ।

निरन्तर कमजोर विद्यार्थी सिकाइ उपलब्धि माध्यमिक तहमा प्रमुख चुनौतीको रूपमा रहेको छ । आवश्यक सिकाइ तथा सिप र सिकाइका लागि उपयुक्त भौतिक तथा शैक्षिक वातावरणबिना नै विद्यार्थीहरू माध्यमिक शिक्षामा स्थानान्तरण हुन्छन् । माध्यमिक विद्यालयहरूमा सक्षम तथा योग्य विषय शिक्षकहरूको आवश्यक सङ्ख्यामा व्यवस्था गर्न सकिएको छैन ।

यस पालिकामा जम्मा सञ्चालित ३७ वटा विद्यालयमध्ये सामुदियक विद्यालय संख्या ३४ रहेको छ । माध्यमिक तह सञ्चालन हुने विद्यालय संख्या ११ वटा रहेको छ । पालिकाको माध्यमिक शिक्षासंग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.४ माध्यमिक शिक्षासंग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु-२०८२

| सि.नं | विवरण | संख्या/दर | कैफियत |
|---|---|---|---|
| १ | कुल भर्नादर (९-१०) | १०९.७० | |
| २ | खुद भर्नादर(९-१०) | १०० | |
| ३ | कुल भर्नादर (९-१२) | ८८.०३ | |
| ४ | खुद भर्नादर(९-१२) | ७१.८३ | |
| ५ | कक्षा १० पूरा गर्ने दर | ७९ | |
| ६ | कक्षा १० को टिकाउदर | ६० | |
| ७ | शिक्षक विद्यार्थी अनुपात (९-१२) | १:१६ | |

| | | | |
|---|---|---|---|
| ८ | विद्यालयबाहिर रहेको माध्यमिक तह उमेर समूहको जनसङ्ख्या | १२ | |
| ९ | कक्षा दोहोर्‍याउने दर (९-१०) | २.९९ | |
| १० | कक्षा छाड्ने दर (९-१२) | १.३१ | |
| ११ | तालिम प्राप्त माध्यमिक शिक्षक प्रतिशत | ९५ | |

स्रोत :IEMIS २०८२/गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क-२०८३

### ३.३.३ उद्देश्य

१.माध्यमिक शिक्षामा सबैको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

२.माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,

३.विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु,

४.विज्ञान, गणित, भाषा तथा अन्य विषयको व्यावहारिक र प्रयोगात्मक सिकाइमा जोड दिनु,

५.विद्यालयमा विद्यार्थीको निरन्तरता, टिकाउ र तह पूरा गर्ने दरमा सुधार गर्नु,

६.सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत डिजिटल सीप विकास गर्न,

७.विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु,

### ३.३.४ रणनीतिहरू

१.निर्धारित मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्‍याइनेछ।

२.सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ,

३.नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ,

४.माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाइनेछ,

५.विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ,

६.वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गरिनेछ,

७.सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिनेछ,

८.माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गरिनेछ,

९.शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गरिनेछ,

१०.आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइका लागि वैकल्पिक व्यवस्था गरिनेछ,

११.निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जबाफदेहिता सुनिश्चत गर्ने र सुधारका क्षेत्र पहिचान गरिनेछ,

१२.शैक्षिक निकायको शासकीय पद्धतिमा सुधार गरी विद्यार्थीको नतिजाप्रति जवाफदेही बनाउन विद्यालयहरुको व्यवस्थापकीय क्षमतामा सुधार गरिनेछ,

१३.शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ,

१४.शिक्षण सिकाइ पद्धतिमा सुधार गरिनेछ,

१५.हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरिनेछ,

१६.विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाइनेछ,

१७.विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गरिनेछ ,

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१.माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने,

२.माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने,

३.सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने,

४.लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धि जस्ता सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने,

**(ख) प्रमुख नतिजा**

१.माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता वृद्धि भएको हुनेछ।

२.माध्यमिक विद्यालयहरू प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुनेछ।

३.माध्यमिक तहमा भर्ना, नियमित उपस्थिति, टिकाउ दर तथा तह पूरा गर्ने दरमा सुधार भएको हुनेछ।

४. विद्यालय छाड्ने तथा कक्षा दोहोर्‍याउने विद्यार्थीको संख्या उल्लेखनीय रूपमा घटेको हुनेछ।

५.विद्यार्थीले पाठ्यक्रमले निर्धारण गरेका विषयगत सिकाइ उपलब्धि तथा न्यूनतम सिकाइ स्तर हासिल गरेका हुनेछन् ।

६.विद्यार्थीको पठन, लेखन, गणितीय, वैज्ञानिक तथा डिजिटल सीपमा सुधार भएको हुनेछ ।

७.शिक्षण सिकाइमा बालकेन्द्रित, प्रविधिमैत्री, प्रयोगात्मक, परियोजनामा आधारित तथा समस्या समाधानमुखी विधिको प्रयोग बढेको हुनेछ ।

८.माध्यमिक शिक्षालाई प्राविधिक, व्यावसायिक, जीवनोपयोगी तथा रोजगारमुखी बनाउने अभ्यास विस्तार भएको हुनेछ ।

९.शिक्षकको विषयगत ज्ञान, शिक्षण क्षमता तथा पेशागत दक्षतामा सुधार भएको हुनेछ ।

१०.विद्यार्थीको SEE तथा कक्षा १२ को परीक्षाफल र समग्र सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

११.विपन्न, अपाङ्गता भएका, सीमान्तकृत तथा जोखिममा रहेका विद्यार्थीको सहभागिता, टिकाउ र सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

१२.विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, ICT तथा अन्य शैक्षिक स्रोतसाधनको प्रभावकारी प्रयोग भएको हुनेछ ।

१३.अभिभावक, विद्यालय, स्थानीय तह तथा समुदायबीचको सहकार्य र साझेदारी सुदृढ भएको हुनेछ।

१४.माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित बनेको हुनेछ।

१५.माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षक दरबन्दि शुनिश्चित हुनेछ ।

## (ग) माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रं स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | - | १ | १ | - | - | २ | ३ | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बिद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | - | १ | - | १ | - | २ | ४ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | सङ्घ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | २ | १ | - | १ | १ | १ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | २ | १ | १ | ७ | | सङ्घ र स्थानीय तह |
| ६ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकिकरण तथा बिद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | जना | २० | २० | ३० | ३० | ३० | १३० | सबै | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | जना | | २२ | २२ | - | - | ४४ | १५० | प्रदेश तथा स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाइ प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | | १ | - | १ | - | १ | ३ | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | २ | २ | १ | ७ | ११ | सङ्घ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विभिन्न किसिमका अपांगता भएका विद्यार्थिलाइ सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा | १-१२ | १-१२ | १-१२ | १-१२ | १-१२ | १-१२ | १-१२ | |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | | |
| १४ | कक्षाकोठामा धारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | | १ | २ | १० | १० | २३ | ३२ | |
| १५ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (Technical and Vocational Education and Training–TVET) भन्नाले व्यक्तिलाई कुनै निश्चित पेशा, व्यवसाय वा कार्यक्षेत्रमा आवश्यक पर्ने ज्ञान, सीप, दक्षता, प्रविधि तथा व्यावहारिक क्षमता प्रदान गर्ने शिक्षा तथा तालिमलाई बुझिन्छ । यसको मुख्य उद्देश्य व्यक्तिलाई रोजगारी, स्वरोजगार, उद्यमशीलता र उत्पादनशील कार्यमा सक्षम बनाउनु हो । सामान्य

शिक्षाले व्यक्तिको बौद्धिक तथा सैद्धान्तिक ज्ञान विकासमा जोड दिने भए पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले "सिक्दै कमाउने र सीपलाई उत्पादनसँग जोड्ने" अवधारणालाई प्राथमिकता दिन्छ।

नेपालजस्तो विकासोन्मुख देशमा बेरोजगारी न्यूनीकरण, दक्ष जनशक्ति उत्पादन, स्थानीय स्रोतसाधनको उपयोग तथा आर्थिक विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा अत्यन्त महत्वपूर्ण मानिन्छ। नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा प्रदान गरिन्छ। प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्रहरू छन्। माध्यमिक शिक्षाअन्तर्गतका प्राविधिक धारका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षा प्रदायक संस्थाहरूद्वारा एसईई पश्चात् तीन वर्षे प्राविधिक शिक्षा कार्यक्रम पनि सञ्चालन गरिरहेका छन्। जसले श्रमबजारको मागबमोजिमका प्राविधिक जनशक्ति उत्पादन गर्दछन्।

नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट न्यून मध्यमस्तरका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता उपलब्ध जनशक्ति, पूर्वाधार, विद्यार्थी, रोजगारी, पाठ्यसामग्री, आर्थिक लगानी जस्ता कुरामा भर पर्दछ।

### ३.४.२ वर्तमान अवस्था

### प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा पहुँचको अवस्था

विद्यार्थीहरूलाई आवश्यक पर्ने सक्षमतालाई ध्यान दिई कक्षा ९ देखिको प्राविधिक कार्यक्रमलाई पुनर्संरचित गर्नु आवश्यक छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक विद्यालयहरूमा सञ्चालन गरिएको प्राविधिक धार ३ वर्षको हुनुपर्ने र यसका व्यावहारिक तथा प्रयोगात्मक अनुभवसहितको अन्तर्राष्ट्रिय असल अभ्याससँग तादात्म्य भएको हुनुपर्ने उल्लेख गरेको छ। यी कार्यक्रमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमसँग मेल खान आवश्यक छ।

यस पालिकामा हालसम्म कुनैपनि सामुदायिक विद्यालयमा माध्यमिक तह कक्षा ९ बाट प्राविधिक धारको पढाइ सञ्चालन भएको छैन। तथापि यस गाउँपालिका अन्तर्गत श्री वीरेन्द्र माध्यमिक विद्यालय वडा नं ५ मा इलेक्ट्रिक तर्फ प्रि डिप्लोमा तथा गाँउपालिका अन्तर्गत सञ्चालित आलमदेवि बहुप्राविधिक शिक्षालयमा डिप्लोमा इन इन्जिनियरिङको पढाइ हुने गरेको छ। प्राविधिक शिक्षातर्फ विद्यार्थीको घट्दो

भर्नादर, दक्ष प्रशिक्षकको अभाव तथा टिकाउ, लगानीको कमी तथा स्रोतको सुनिश्चतता नहुनु आदि प्रमूख चुनौतीका रुपमा रहेका छन् । व्यावसायिक तालिम लिन चाहने युवाका लागि तालिम प्रदायक संस्थाको अभाव अर्को प्रमूख चुनौतीको रूपमा रहेको छ ।

### ३.४.३ उद्देश्य

१.प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्नु ।

२.प्राविधिक तथा व्यावसायिक शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।

३.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

४.विद्यार्थीलाई व्यावहारिक तथा रोजगारमुखी सीप प्रदान गर्नु ।

५.स्थानीय स्रोत, प्रविधि तथा सम्भावनामा आधारित सीप विकास गर्नु ।

### ३.४.४ रणनीति

१. स्थानीय तहको आवश्यकता र सम्भावनाका आधारमा प्राविधिक विषय/कार्यक्रम विस्तार गरिनेछ ।

२. विद्यालय तथा शिक्षण संस्थामा प्रयोगशाला, कार्यशाला, उपकरण र प्रविधिको व्यवस्था गरिनेछ ।

३. प्राविधिक शिक्षक/प्रशिक्षकको पेशागत क्षमता विकास गरिनेछ ।

४.प्रयोगात्मक, परियोजनामा आधारित र कार्यस्थलमा आधारित सिकाइलाई प्राथमिकता दिइनेछ ।

५.उद्योग, व्यवसाय, सहकारी तथा स्थानीय उद्यमीसँग साझेदारी र इन्टर्नसिपको व्यवस्था गरिनेछ ।

६. विपन्न, अपाङ्गता भएका, सीमान्तकृत तथा जोखिममा रहेका युवाका लागि छात्रवृत्ति तथा लक्षित सहयोग गरिनेछ ।

७.कृषि, पशुपालन, पर्यटन, निर्माण, सूचना प्रविधि, विद्युतीय कामलगायत स्थानीय सम्भावनासँग सम्बन्धित सीपलाई प्राथमिकता दिइनेछ ।

८.प्राविधिक शिक्षा पूरा गरेका युवालाई रोजगार, स्वरोजगार र उद्यम विकाससँग जोडिनेछ ।

९. सीप परीक्षण, प्रमाणीकरण तथा करियर परामर्शको व्यवस्था गरिनेछ ।

१०. प्राविधिक शिक्षाको नियमित अनुगमन, गुणस्तर परीक्षण र रोजगार परिणामको मूल्याङ्कन गरिनेछ ।

११.दक्ष जनशक्ति टिकाउका लागि नीतिगत व्यवस्था मिलाइनेछ ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१.प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको पहुँच र सहभागिता वृद्धि हुनेछ ।

२. स्थानीय आवश्यकता अनुरूपको दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन हुनेछ ।

३.प्राविधिक शिक्षा प्राप्त युवाको रोजगारी तथा स्वरोजगारमा पहुँच बढ्नेछ।

४. विद्यार्थीमा व्यावहारिक सीप, समस्या समाधान, सिर्जनशीलता र उद्यमशीलता विकास हुनेछ।

५. उद्योग तथा व्यवसायसँगको सहकार्यबाट सीप र रोजगारीबीचको सम्बन्ध सुदृढ हुनेछ।

६. स्थानीय स्रोत तथा सम्भावनाको उपयोगबाट स्थानीय रोजगारी र आर्थिक गतिविधि वृद्धि हुनेछ।

७.विपन्न तथा लक्षित समूहको प्राविधिक शिक्षामा समतामूलक सहभागिता बढ्नेछ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | नक्शांकनका आधारमा प्राविधिक धारका विद्यालय संचालित विद्यालय | ० | - | १ | १ | १ | १ |
| २ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी संख्या | ० | ० | ३० | ४० | ५० | ५५ |
| ३ | व्यावसायिक तालिममा सहभागी संख्या | ० | २५ | ३५ | ४० | ५० | ६५ |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | प्राविधिक धारका विद्यालयको नक्शांकन | पटक | - | १ | - | १ | - | २ | ३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्राविधिक धारतर्फ शिक्षक वृत्ति विकास पद्धति विकास र शिक्षक तालिम सञ्चालन। | पटक | - | २ | १ | १ | १ | ५ | १० | |
| ३ | प्राविधिक धारका विद्यालयमा भौतिक संरचना र प्रयोगात्मक सामग्री व्यवस्थापन। | - | - | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| ४ | व्यावसायिक तालिम सञ्चालन | जना | ३५ | ४० | ४० | ४० | ४० | १९५ | ५०० | |

## ३.५ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ

### ३.५.१ परिचय

शिक्षा मानिसको जन्मदेखि जीवनभर निरन्तर चलिरहने प्रक्रिया हो। औपचारिक विद्यालय वा शैक्षिक संस्थाको निश्चित संरचनाभन्दा बाहिर रहेर व्यक्तिको आवश्यकता, रुचि, उमेर र परिस्थिति अनुसार प्रदान गरिने शिक्षा अनौपचारिक शिक्षा हो। यसले विशेषगरी औपचारिक शिक्षाको पहुँचबाट वञ्चित, बीचमै पढाइ छाडेका, निरक्षर, नवसाक्षर, युवा, महिला, प्रौढ तथा विभिन्न कारणले नियमित विद्यालय जान नसकेका व्यक्तिलाई सिकाइका अवसर प्रदान गर्दछ।

अनौपचारिक शिक्षाले साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा, खुला शिक्षा, जीवनोपयोगी सीप, आयआर्जन तथा सचेतनामूलक कार्यक्रममार्फत व्यक्तिको ज्ञान, सीप र क्षमता विकासमा सहयोग गर्दछ। नेपालको अनौपचारिक शिक्षा नीति, २०६३ ले पनि विभिन्न उमेर र वर्गका व्यक्तिको आवश्यकताअनुसार प्राज्ञिक तथा व्यावहारिक ज्ञान, सीप र सूचना उपलब्ध गराउने तथा साक्षरता, साक्षरोत्तर र निरन्तर शिक्षालाई प्राथमिकता दिएको छ।

जीवनपर्यन्त सिकाइ  भन्नाले व्यक्तिले जीवनको हरेक चरणमा औपचारिक, अनौपचारिक तथा अनियमित माध्यमबाट निरन्तर ज्ञान, सीप, क्षमता र अनुभव हासिल गर्ने प्रक्रियालाई बुझिन्छ। यसको मूल भावना ‘‘जीवनभर सिकिरहने र सिकाइलाई जीवनसँग जोड्ने’’ हो।

नेपालको सन्दर्भमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइले निरक्षरता न्यूनीकरण, नागरिक सचेतना अभिवृद्धि, व्यावसायिक तथा जीवनोपयोगी सीप विकास, आयआर्जनका अवसर सिर्जना तथा सामाजिक र आर्थिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। राष्ट्रिय शिक्षा नीतिले समेत अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट निरन्तर सिकाइ संस्कृतिको विकास गर्ने दिशालाई महत्व दिएको छ।

सिकाइ जीवनपर्यन्त चल्ने प्रक्रिया भएकाले सिकाइका औपचारिकका अतिरिक्त अनौपचारिक तरिकाले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान सीप र प्रक्रियाको प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जाहाँ सहभागीहरु आफ्ना जीवनमा आइपर्ने समस्याहरुको बारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्दैछन। आफ्नो जीवनको इतिहास आफै लेख्छन। तसर्थ सिकाइ जीवन पद्धतिसंग जोडिएको हुनेछ। अनौपचारिक एवं आजीवान शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरको लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षत समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न अनौपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाईको पहुँचको विस्तार गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ। शिक्षा क्षेत्र योजना, २०७९-८३ ले अनौपचारिक शिक्षा र आजिवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एव सिकाई संस्कृतिको प्रवर्धन गर्ने तर्फ लैजान्छ। स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाईको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एवं चुनौतिहरुको

पहिचान गर्दै चुनौतिहरुको सामना गर्न यसका उद्दृश्य र नीतिहरु कार्यक्रम कार्यान्वयनबाट प्रप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु यस खण्डमा समावेश गरिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

अनौपचारिक माध्यबाट शाक्षरता प्रवर्धनका लागि विभिन्न कार्यक्रमहरु प्रशस्त मात्रामा संचालन हुदै आएको पाइन्छ । यस कार्यक्रमले निरक्षहरु विशेषत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरुलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । स्थानिय तहमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ । साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरु विशेषतः महिलाहरुलाई समूह बनाई बचत तथा ऋणको कार्यक्रमहरु समेत सञ्चालन भएका छन् । यस सगै स्थानिय स्तरमा रहेका सामुदायिक सिकाई केन्द्रहरुले अनौपचारीक शिक्षा तर्फका कार्यक्रम सञ्चालन गर्ने गरेका छन् । गाउँपालिकले १५-६० वर्ष का विद्यालयको पहुँच बाहिर रहेका व्यक्तिहरु पहिचान गरी विभिन्न वर्षहरुमा सञ्चालन गरिएको साक्षरता कार्यक्रमबाट यस गाउँपालिकाको साक्षरता दर ८२ प्रतिशत पुग्न सम्भव भएको छ ।

राष्टिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिको विकास गर्न सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाको माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहक सरकारको साझा अधिकारको सूचीमा रेहको भएता पनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारीक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाईको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसको मर्म अनुरुप कार्यसम्पादनमा भने पुर्णता देखिदैन । आवधिक रुपमा शैक्षिक सर्वेक्षण कार्य गर्न नसकिएकाले गाउँपालिकाको वास्तविक साक्षरता सम्बन्धी तथ्याङ्क अद्यावधिक हुन भनेको सकेको छैन ।

### ३.५.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाई सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

१.सबै नागरिकमा कार्यात्मक तथा व्यवहारिक साक्षरता सुनिश्चित गर्नु ।

२.सबै उमेर समूहका नागरिकका लागि निरन्तर तथा जीवनपर्यन्त सिकाइका अवसर विस्तार गर्नु ।

३.सामुदायिक सिकाइ केन्द्रलाई ज्ञान, सीप, सूचना र सचेतनाको केन्द्रका रूपमा विकास गर्नु।

४.स्थानीय आवश्यकता र सम्भावनाअनुसार जीवनोपयोगी, व्यावसायिक तथा आयआर्जनमूलक सीप विकास गर्नु।

५.स्थानीय ज्ञान, परम्परागत सीप, कला, भाषा तथा संस्कृतिको संरक्षण र पुस्तान्तरण गर्नु।

६.महिला, युवा, दलित, जनजाति, विपन्न तथा पछाडि परेका समुदायको शैक्षिक तथा सामाजिक सशक्तीकरण गर्नु।

७.अनौपचारिक शिक्षालाई रोजगारी, स्वरोजगार, उद्यमशीलता तथा आत्मनिर्भरतासँग जोड्नु।

८.विद्यालय छाडेका तथा औपचारिक शिक्षाबाट वञ्चित नागरिकलाई वैकल्पिक तथा निरन्तर सिकाइका अवसर उपलब्ध गराउनु।

९.घर, विद्यालय र समुदायमा सिक्ने संस्कृति तथा सिकाइमैत्री समुदाय को विकास गर्नु।

## ३.५.४ रणनीति

१.निरक्षर तथा अल्पसाक्षर नागरिकको पहिचान गरी लक्षित तथा कार्यात्मक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

२. सबै उमेर समूहका नागरिकका लागि निरन्तर, वैकल्पिक तथा जीवनपर्यन्त सिकाइका अवसर विस्तार गरिनेछ।

३. सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता, सीप विकास, डिजिटल शिक्षा, सूचना तथा सचेतनाको प्रभावकारी केन्द्रका रूपमा विकास गरिनेछ।

४. समुदायको आवश्यकता र स्थानीय सम्भावनाका आधारमा जीवनोपयोगी, व्यावसायिक तथा आय आर्जनमूलक सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५.नागरिकमा डिजिटल तथा सूचना प्रविधिको ज्ञान र प्रयोग गर्ने क्षमता अभिवृद्धि गरिनेछ।

६.स्थानीय ज्ञान, सीप, कला, भाषा, संस्कृति तथा परम्पराको पहिचान, संरक्षण, अभिलेखीकरण र पुस्तान्तरण गरिनेछ।

७. महिला, युवा, दलित, जनजाति, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका समुदायका लागि समावेशी तथा लक्षित सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

८.नागरिकमा संवैधानिक, कानुनी, सामाजिक, स्वास्थ्य, पोषण, वातावरण तथा नागरिक सचेतना अभिवृद्धि गरिनेछ।

९.प्राविधिक तथा व्यावसायिक सीपलाई रोजगारी, स्वरोजगार, उद्यमशीलता तथा स्थानीय उत्पादनसँग जोडिनेछ ।

१०.विद्यालय छाडेका तथा औपचारिक शिक्षाबाट वञ्चित नागरिकलाई वैकल्पिक शिक्षा तथा पुनः सिकाइका अवसर उपलब्ध गराइनेछ।

११.घर, विद्यालय, सामुदायिक सिकाइ केन्द्र, स्थानीय तह तथा समुदायबीच साझेदारी र सहकार्य सुदृढ गरिनेछ।

१२.पुस्तकालय, पठन संस्कृति, सूचना प्रविधि तथा समुदायमा आधारित गतिविधिमार्फत सिकाइमैत्री समुदायको विकास गरिनेछ।

१३. सिकाइका उपलब्धि तथा सीपलाई प्रमाणीकरण, सीप परीक्षण र रोजगारीसँग आबद्ध गर्ने व्यवस्था मिलाइनेछ।

१४.अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्थापन गरिनेछ।

### ३.५.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै नागरिकहरुलाई साक्षरता,निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईको अवसर प्रप्त हुनेछ।

**ख) प्रमुख नतिजा**

१.सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,

२.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने,

३.सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,

४.सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,

५.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,

६.अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने,

### घ) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धि तथ्याङ्क संङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सामुदायिक सिकाई केन्द्रहरुको क्षमता अभिबृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| समुदायिक सिकाई केन्द्रहरुको व्यवस्थापन अनुदान | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| आजिवन सिकाईका कार्यक्रमहरु सामुदायिक सिकाई केन्द्र मार्फत सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सिप विकास र आयआर्जना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सामुदायिक सिकाई केन्द्र थप | वटा | ० | १ | ० | ० | ० | १ | १ | |
| तह १ र २ को अनौपचारिक सिकाईको माध्यमबाट सिकेका ज्ञान सिपलाई प्रमाणिकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| अनौपचारिक तथा आजिवन सिकाईको तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद चारः
# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

यस परिच्छेदमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच, सहभागिता, समता, समानता तथा सक्षमतालाई सुनिश्चित गर्ने महत्त्वपूर्ण अन्तरसम्बन्धित विषय क्षेत्रका रणनीति तथा कार्यक्रमहरु रहेका छन् ।

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन । देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् । मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

पाठ्यक्रम सिकाइको विष्तृत योजना भएकाले राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले अंगिकार गरेका पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी अवधारणाहरुलाई कार्यान्वयनमा लैजानु आवश्यक छ । एकीकृत

पाठ्यक्रम,विषयगत पाठ्यक्रम तथा वहुविषयक पाठ्यक्रमलाई शिक्षाको लक्ष्य र उद्देश्य प्राप्त गर्ने औजारको रुपमा पाठ्यक्रमलाई उपयोग गर्नु आवश्यक छ।

### ४.१.२ वर्तमान अवस्था

कक्षा १-३ को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रका आधारमा सक्षमता र विषय क्षेत्र समेटी एकीकृत गरिएको छ । व्यवहारकुशल तथा गैर संज्ञानात्मक सिप तथा जीवनोपयोगी सिपहरूको विकास तथा कार्यान्वयन गरिएको छ। स्थानीय परिवेशमा आधारित पाठ्यक्रम निर्माण गर्न स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिएको छ।

पाठ्यक्रम प्रारूपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ। यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारुको घरमा बोल्ने भाषाबिच तादात्म्यता राख्न सहयोग गर्छ । जसले सिकाइमा आउने बाधालाई पनि हटाउँन सहयोग गर्छ । मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यम रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ।

माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सिप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजन गर्नुपर्ने देखिन्छ।

आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्दति र सार्वजनिक परीक्षाहरू स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूमा विभिन्न सुधारहरू गरिए। कक्षा ५ र कक्षा ८ परीक्षा पालिकास्तरमा सञ्चालन गर्ने गरिएको छ । विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ।

सामुदायिक विद्यालयको कक्षा १-१२ मा अध्ययन गर्ने सबै विद्यार्थीले नि:शुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन्। सबै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था स्थानीय तहबाट हुँदै आएको छ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ। अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ।

### ४.१.३ उद्देश्य

१.विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

२.राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि तथा दक्षता विद्यार्थीले हासिल गर्ने सुनिश्चित गर्नु।

३.स्थानीय आवश्यकता, सम्भावना, संस्कृति, भाषा, प्राकृतिक स्रोत तथा जीवनशैलीलाई समेटी स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन गर्नु ।

४.निरन्तर, नियमित तथा विद्यार्थीको वास्तविक सिकाइ उपलब्धि मापन गर्ने मूल्याङ्कन प्रणाली विकास तथा कार्यान्वयन गर्नु ।

५.स्थानीय तहमा पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी शिक्षकको क्षमता विकास गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

६.मूल्याङ्कनबाट प्राप्त नतिजालाई विद्यार्थीको सिकाइ सुधार, उपचारात्मक शिक्षण तथा शिक्षकको शिक्षण सुधारमा प्रयोग गर्ने व्यवस्था गर्नु ।

७. मूल्याङ्कनलाई परीक्षा र अंकमा मात्र सीमित नराखी विद्यार्थीको ज्ञान, सीप, क्षमता, व्यवहार तथा समग्र विकास मापन गर्ने साधनका रूपमा स्थापित गर्नु ।

### ४.१.४ रणनीतिहरू

१.राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिनेछ ।

२.स्थानीय आवश्यकता र सम्भावनामा आधारित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिनेछ ।

३.विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिनेछ ।

४.पाठ्यक्रमलाई बालमैत्री, समावेशी तथा विद्यार्थीकेन्द्रित बनाइनेछ ।

५.स्थानीय भाषा, संस्कृति, कला, कृषि, पर्यटन, वातावरण तथा जीवनोपयोगी सीपलाई पाठ्यक्रममा समेटिनेछ ।

६.शिक्षकको पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास गरिनेछ ।

७.निरन्तर तथा आवधिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

८.सक्षमतामा आधारित मूल्याङ्कन पद्धति अवलम्बन गरिनेछ ।

९.परियोजना, प्रयोगात्मक कार्य, पोर्टफोलियो, प्रस्तुतीकरण तथा अवलोकनमा आधारित मूल्याङ्कनलाई प्रोत्साहन गरिनेछ ।

१०.मूल्याङ्कन नतिजाका आधारमा उपचारात्मक तथा थप सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

११.विद्यार्थीको सिकाइ उपलब्धिको नियमित विश्लेषण गरी शिक्षण सिकाइमा सुधार गरिनेछ।

१२.ICT तथा डिजिटल प्रविधिको प्रयोगबाट पाठ्यक्रम र मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ।

१३.पाठ्यक्रम तथा मूल्याङ्कनको नियमित अनुगमन, समीक्षा र आवश्यकताअनुसार परिमार्जन गरिनेछ।

१४.विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिनेछ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि

१.पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भई निर्धारित सिकाइ उपलब्धि हासिल हुने।

२.स्थानीय आवश्यकता र परिवेशअनुकूल स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने।

३. विद्यार्थीको सिकाइ उपलब्धि तथा समग्र सक्षमतामा सुधार हुने।

४.मूल्याङ्कन प्रणाली नियमित, व्यावहारिक, समावेशी र सक्षमतामा आधारित हुने।

५. मूल्याङ्कन नतिजाका आधारमा उपचारात्मक तथा सुधारात्मक सिकाइ प्रभावकारी हुने।

६.शिक्षकको पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धि हुने।

### ख) प्रमुख नतिजा

१.पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ,

२.पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुनेछ,

३.विद्यार्थीको सिकाइ उपलब्धि तथा सक्षमतामा उल्लेखनीय सुधार भएको हुनेछ,

४.मूल्याङ्कन प्रणाली सक्षमतामूलक, निरन्तर, व्यावहारिक तथा विद्यार्थीकेन्द्रित भएको हुनेछ,

५.मूल्याङ्कन नतिजाका आधारमा सिकाइ सुधार तथा उपचारात्मक शिक्षण प्रभावकारी भएको हुनेछ,

८.पाठ्यक्रम तथा मूल्याङ्कन कार्यान्वयनमा शिक्षकको क्षमता र विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि भएको हुनेछ,

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | पाठ्क्रम अभिमुखिकरण | सङ्ख्या | ६० | सबै | सबै | सबै | सबै | ३० | | स्थानीय तह,शि.वि स.ए. |
| २ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३० | सबै | स्थानीय तह,शिक्षा विभाग |
| ३ | शिक्षक पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह,समन्वय एकाइ |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामाग्रीको प्रयोग | वटा | २ | ४ | ३ | ४ | ५ | १८ | ३२ | विद्यालय, शिक्षक |
| ७ | सूचना प्रविधिको प्रयोग | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय/ स्थानीय तह |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | लागु | १-८ कक्षा | १-८ कक्षा | १-८ कक्षा | १-८ कक्षा | १-८ कक्षा | सबै कक्षा | | स्थानीय तह, विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | माध्यम भाषाको रुपमा मातृभाषको प्रयोग | विद्यालय | आवश्यक अनुसार | आवश्यक अनुसार | आवश्यक अनुसार | आवश्यक अनुसार | आवश्यक अनुसार | आवश्यक अनुसार | | स्थानीय तह, विद्यालय |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको ब्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १३ | सबैबालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्रीजस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | ० | ० | १ | ० | २ | ५ | |
| १६ | खुशी पाठ्यक्रम प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | पठन सिप विकास कार्यक्रमका लागि शिक्षक पुनर्ताजगी तालिम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १८ | खुशी शिक्षा शिक्षक हातेपुस्तक छपाइ तथा वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | कक्षा १-३ का लागि गणितिय सिकाइ सामग्री छपाइ तथा वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १ : ४५ शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रुपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम,कार्यशाला ,सेमिनार कन्फरेन्स , कार्यमूलक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण तथा मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन , शिक्षकहरूलाई पेसागत विकासका विभिन्न

मोडालिटिका तालिम  लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.३ वर्तमान अवस्था

यस पालिकामा स्वीकृत दरवन्दि, राहत अनुदान, शिक्षण सहयोग अनुदानमा २२० जना शिक्षकहरु कार्यरत छन्। प्राथमिक तहमा १-५ मा ११३ जना, निमावि तह कक्षा ६-८ मा ४९ जना र माध्यमिक तह कक्षा ९-१० मा ३९ जना तथा कक्षा ११-१२ मा १३ शिक्षक दरवन्दि रहेको छ । आधारभूत तहमा शिक्षा विद्यार्थी अनुपात १:१० रहेको छ भने माध्यमिक तह १:१६ र आधारभूत तहको कक्षा ६-८ मा १:१३ रहेको छ । विद्यालयमा आवश्यक न्युनतम शिक्षक दरवन्दि पुग्न सकेको छैन । कार्यरत शिक्षकमध्ये ९० प्रतिशत शिक्षकहरु तालिम प्राप्त छन् ।

सङ्घीय संरचना कार्यान्वयनमा आएपछि विगतमा कार्यथलो वा कक्षाकोठामा शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन स्थापना गरिएका स्रोतकेन्द्रहरू खारेज गरिए । यी स्रोतकेन्द्रहरूको बिकल्पको रूपमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्न स्थानीय तह जिम्मेवार रहेको छ । यसका लागि एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्दति कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोष्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेशागत सहायतासम्बन्धमा मार्गदर्शनहरु तय भएका छन् । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय क्षेत्र शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ भने यस पालिकाको शैक्षिक उपलब्धि पनि धेरै सन्तोषजनक रहेको छैन ।

शिक्षकको नियमितता तथा कक्षाकोठामा विताउने समय वृद्धि गर्न सकिएको छैन । शिक्षक व्यवस्थापन तथा विकासको चुनौतीपूर्ण कुरा भनेको शिक्षणलाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो। हाल

प्रतिभावान व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन । विश्वविद्यालयका अधिकांश शिक्षक तयारीका कार्यक्रमहरू पर्याप्त विषयवस्तु तथा शिक्षण सिपयुक्त जनशक्ति उत्पादन गर्न नसक्दा क्षमतावान् शिक्षकहरूको आपूर्ति गर्न सकिएको छैन । विद्यमान सेवाकालीन तालिम तथा पेसागत विकासका कार्यक्रमले पनि शिक्षकहरूमा ज्ञान तथा सिप पूर्ण रूपमा सिकाउन सकेको छैन । सङ्घीयता कार्यान्वयनपश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ ।शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ । शिक्षक पदस्थापनामा रहेको भिन्नता तथा विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासबिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ ।

### ४.२.३ उद्देश्य

१.विषयगत र कक्षागत रुपमा शिक्षक दरवन्दी व्यवस्थापन गर्नु

२.विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

३.शिक्षकको पेसागत क्षमता, दक्षता र विषयगत ज्ञान अभिवृद्धि गर्नु

४.शिक्षकको निरन्तर पेसागत विकास तथा सिकाइका अवसर सुनिश्चित गर्नु

५.शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन प्रणालीलगायत प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरूमा सुधार र विद्यार्थीको सिकाइप्रति जबाफदेही हुने पद्धतिको विकास गरी सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको व्यवस्था गर्नु

६.शिक्षक विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि र शैक्षिक गुणस्तर सुधारसँग आबद्ध गर्नु

### ४.२.४ रणनीतिहरू

१.शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिनेछ,

२.रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिनेछ,

३.प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइनेछ,

४.स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी

कार्यान्वयनमा ल्याइनेछ,

५.शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ,

६.शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ,

७.शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिनेछ,

८.शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ,

९.रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गरिनेछ,

१०.शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गरिनेछ,

११.शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ,

१२.शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ,

१३.शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ,

१४.रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपुर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गरिनेछ,

१५.विद्यमान कानुनि व्यवस्था बमोजिम प्रधानाध्यापकको छनौट गरिनेछ,

### ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुनेछ।
- दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।
- विद्यालयमा आवश्यकताअनुसार पर्याप्त र दक्ष शिक्षक जनशक्ति व्यवस्थापन भएको हुनेछ।

- शिक्षकको पेसागत क्षमता, दक्षता र कार्यसम्पादनमा सुधार भएको हुनेछ।
- शिक्षकको निरन्तर पेसागत विकास तथा क्षमता अभिवृद्धि भएको हुनेछ।
- शिक्षकको जवाफदेहिता, नियमितता र उत्प्रेरणा वृद्धि भएको हुनेछ।
- शिक्षण सिकाइको गुणस्तर तथा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।

**ख) प्रमुख नतिजा**

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको बृत्ति विकासका लागि परादर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने।

**ग) शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | - | १ | - | १ | ३ | ५ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | पटक | - | १ | - | - | १ | २ | ३ | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | - | १ | - | १ | | २ | ५ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | पुस्तकालय र पुस्तक कुना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विज्ञान प्रयोशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | पटक | ० | ० | १ | ० | १ | २ | ३ | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ईन्टरनेट सेवाको व्यवस्था | विद्याय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | विद्यालय | ५ | १० | १० | ०७ | सबै | सबै | सबै | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | परिक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | १० | १५ | १५ | १५ | १५ | आवश्यकता अनुसार | निरन्तर | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | - | १ | - | १ | - | २ | ४ | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २२ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | सहपाठी कक्षा अवलोकन | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | प्रचलित कानुन अनुसार प्रधानाध्यापकको व्यवस्था | विद्यालय | १ | १० | १० | १० | सबै | सबै | सबै | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २९ | कष्टमाइज्ड तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३० | ICT सम्बन्धी शिक्षक क्षमता विकास | संख्या | २० | ३० | ३० | ३० | ३० | ३० | सबै | |
| ३१ | खुशी कार्यक्रम प्रवोधक तयारी | संख्या | ४ | ५ | ५ | ५ | ५ | २४ | ५० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने समान व्यवहार नै शैक्षिक समता हो । यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो ।

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका कारणले सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि रहेका छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेकका मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच,सहभागिता तथा नतिजामा परेको छ । आर्थिक तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परेको देखिन्छ। विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ ।

कालीगण्डकी गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यहाँको समाज विविधतापूर्ण रहेको छ । विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका

दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ। विविधताको सम्मान तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अर्थपूर्ण सहभागिता कायम गर्दै सिकाइ सुनिश्चिता गर्नका लागि यसको कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । चुनौतिहरु हटाइ विविधता अनुकुल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाईका लागि समेत तथा समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम संचालन आजको आवश्यकता हो।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ। यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ। समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ। यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ।

**४.३.२ वर्तमान अवस्था**

यस गाउँपालिकामा समुदायमा आधारित बाल विकासहरु तथा ३७ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्। उक्त विद्यालयहरुमा विभिन्न जातजाति धर्म आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्ने गर्छन्। कितपय विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन्। यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहूँच बृद्धिका लागि पालिकाद्वारा छात्रवृत्ति प्रदान समेत गर्दै आइएको छ। खासगरी आधारभूत तहको कक्षा १-८ मा अध्ययन गर्ने सबै छात्राहरु तथा दलित बालबालिकाहरुलाई कुनै न कुनै रुपमा सहयोग प्रदान गर्दै आएको छ भने माध्यमिक तहमा विज्ञान तथा प्रविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुका लागि निशुल्क अध्ययनको व्यवस्था समेत मिलाएको छ।

विद्यार्थीहरुका लागि विभिन्न प्रकारका छात्रवृत्तिका साथै विद्यार्थी प्रोत्साहनमूलक कार्यक्रम जस्तै दिवा खाजा, निःशुल्क शिक्षाको प्रावधान कार्यान्वयन गरिएको छ। सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार ,माध्यमिक तहसम्म निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तकको प्रवान्ध ,बाल विकासदेखि कक्षा ५ सम्म विद्यालय खाजा कार्यक्रम विस्तार जस्ता विभिन्न लक्षित कार्यक्रमहरूका

मार्फत विद्यार्थी भर्नादरमा यो उत्साहजनक प्रगति सम्भव भएको छ।

### ४.३.३ उद्देश्य

१.लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सनिश्चित गर्नु।

२.आर्थिक, सामाजिक, भौगोलिक, लैङ्गिक, जातीय तथा अन्य कुनै पनि कारणले शिक्षाबाट वञ्चित हुने अवस्था अन्त्य गर्नु।

३.अपाङ्गता भएका, विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनु।

४.विद्यालयमा लैङ्गिक समानता, सामाजिक न्याय र विभेदरहित शैक्षिक वातावरण निर्माण गर्नु।

५.विशेष आवश्यकता भएका बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री, प्रविधि तथा सहयोगी सेवाको व्यवस्था गर्नु।

६.अभिभावक, समुदाय र स्थानीय तहको सहभागिता बढाई समतामूलक तथा समावेशी शिक्षा प्रणालीलाई सुदृढ गर्नु।

७.विद्यालयहरूमा सुरक्षित, सम्मानजनक, भेदभावरहित र सबैका लागि अनुकूल वातावरण सुनिश्चित गर्नु।

### ४.३.४ रणनीतिहरू

१.विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान गरी विद्यालयमा भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गरिनेछ।

२.विपन्न, दलित, अपाङ्गता भएका, सीमान्तकृत तथा विशेष आवश्यकता भएका बालबालिकालाई लक्षित छात्रवृत्ति तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

३.भौगोलिक रूपमा दुर्गम तथा पहुँचमा कठिन बस्तीका बालबालिकाका लागि विद्यालय पहुँच, यातायात तथा आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

४.विशेष आवश्यकता भएका बालबालिकाका लागि व्यक्तिगत सिकाइ योजना, सहयोगी सामग्री तथा आवश्यक प्रविधिको व्यवस्था गरिनेछ।

५.शिक्षकलाई समावेशी शिक्षा, बालमैत्री शिक्षण, लैङ्गिक समानता तथा विविधता व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम प्रदान गरिनेछ।

६.विद्यालयको शैक्षिक उपलब्धिमा रहेको असमानता पहिचान गरी कमजोर विद्यार्थीका लागि उपचारात्मक तथा अतिरिक्त सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

७.अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा समुदायको सहभागितामा समावेशी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

८.विद्यालयमा हुने जातीय, लैङ्गिक, भाषिक, आर्थिक तथा अन्य प्रकारका विभेद र भेदभाव न्यूनीकरणका लागि सचेतना तथा निगरानी प्रणाली विकास गरिनेछ।

९.स्थानीय भाषा, संस्कृति, परम्परा र समुदायको विविधतालाई शिक्षण सिकाइ तथा विद्यालयका कार्यक्रमसँग जोडिनेछ।

१०.विद्यालयहरूमा बिशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ।

**४.३.५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धि**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुनेछ।

**ख) प्रमुख नतिजा**

१.अपाङ्गता,गरिव, विपन्न,अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरूआदिको अभिलेख अद्यावधिक हुने।

२. विद्यालय बाहिर रहेका, जोखिममा रहेका तथा विपन्न बालबालिकाको पहिचान भई भर्ना, पुनःभर्ना, नियमित उपस्थिति र विद्यालय निरन्तरतामा वृद्धि हुनेछ।

३. दलित, अपाङ्गता भएका, सीमान्तकृत तथा विशेष आवश्यकता भएका बालबालिकाको शिक्षामा समान पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार हुनेछ।

४. दुर्गम तथा पहुँचमा कठिन बस्तीका बालबालिकाका लागि आवश्यक पहुँच, यातायात तथा पूर्वाधारको व्यवस्था भई विद्यालय शिक्षामा पहुँच सहज र सुरक्षित हुनेछ।

५. शिक्षकको क्षमता विकास, व्यक्तिगत सिकाइ योजना, सहयोगी सामग्री तथा उपचारात्मक सिकाइ कार्यक्रममार्फत शिक्षण सिकाइको गुणस्तर र विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार हुनेछ।

६. अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी तथा समुदायको सहभागिता बढ्दै समावेशी, बालमैत्री, सुरक्षित र सहभागितामूलक विद्यालय वातावरण निर्माण हुनेछ।

७. जातीय, लैङ्गिक, भाषिक तथा आर्थिक विभेदमा कमी आई स्थानीय भाषा, संस्कृति र विविधताको सम्मान हुने तथा विशेषगरी छात्राहरूका लागि गुनासो सुनुवाइ र लैङ्गिक समानताको प्रभावकारी व्यवस्था सुनिश्चित हुनेछ ।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | ५ | ५ | ३ | ५ | ४ | २२ | ३४ | |
| ३ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यवस्था | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | सबै | |
| ५ | विद्यालयमा हुने विभेद, दर्व्यवहार,हिंसा आदि रोकथामका लागि संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय शिक्षामा पहूँच सुनिश्चितता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षा मातृभाषा/ बहुभाषामा पाउने व्यवस्था गर्ने | | - | - | १ | - | - | १ | २ | |
| ८ | विभेद अन्त्यका लागि सचेतना कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ०९ | स्थानीय पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी | पटक | - | १ | - | - | - | १ | २ | |

## ४.४ विद्यालय दिवाखाजा,स्वास्थ्य,पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

बालविकास तथा सिकाई सँग स्वास्थ्य तथा पोषणको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । स्वस्थता तथा पोषणले बालबालिकाको सिकाई सहभागिता बढाई उपलब्धि सुधार गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । स्वास्थ्य तथा पोषण सगै सरसफाई तथा स्वच्छता र महिनवारी सम्बन्धी सरसफाई तथा स्वच्छता सम्बन्धमा सचेतना उत्तिकै आवश्यक रहन्छ ।

नेपालमा सन् १९७४ देखि केहि छनिएका जिल्लाहरुको आधारभूत विद्यालयहरुमा विश्व खाद्य कार्यक्रमको सहयोग अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/७८ देखि सबै सामुदायिक विद्यालयका पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु.२० बराबारको खाजा व्यस्थापनका लागि विद्यालयहरुलाई रकम निकासा हुने गरेको छ । धैरै जसो विद्यालयहरुले दिवाखाजा व्यवस्थापनमा सहजताका लागि विद्यालयमा नै करेसावारि निर्माण गरि मौसम अनुसार तरकारि तथा फलफुल उत्पादन गरि दिवा खाजामा प्रयोग गर्दै आएका छन् । यसका साथै छात्राहरुको महिनावारी स्वच्छताकालागि निःशूल्क सेनेटरी प्याडको समेत व्यवस्थापन हुदै आएको छ । विद्यालयहरुमा आधारित पोषणसम्बन्धी यस्त कार्यक्रमहरुबाट विद्ययार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाडेने दर घटाउन योगदान गरी सिकाई उपलब्धि सुधार गर्न सहयोग पुग्दछ ।

### ४.४.२ वर्तमान अवस्था

यस गाउँपालिका भित्रका साबै सामुदायिक विद्यालयहरुको प्रारम्भिक बालविकास कक्षा देखि कक्ष ५ सम्मका सबै विद्यार्थीहरुका लागि संघिय सरकारको सशर्त अनुदानबाट दिवा खाजाका लागि बजेट व्यवस्थापन हुदै आएको छ । भने कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययन गर्ने छात्राहरुका लागि महिनावारि स्वच्छताका लागि निःशुल्क सेनेटरी प्याडको समेत व्यवस्थापन हुदै आएको छ । गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरु तथा अधिकांश आधारभूत विद्यालयहरुमा छात्र तथा छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको तथा कतिपय विद्यालयहरुमा बालमैत्री शौचालय निर्माणको क्रममा समेत रहेको अवस्था छ । सबै विद्यालयहरुमा आकस्मिक दुर्घटनाका लागि प्राथमिक उपचार उपचार सामाग्री सहितको किट बक्सको व्यवस्था गरिनुका साथै बालिकाहरुका लागि आइरन चक्की तथा जुकाको अषधि प्रभावकारी रुपमा वितरण गरिएको छ । स्वच्छ खानेपानिको व्यवस्थाका लागि सबै विद्यालयहरुमा पालिकाको तर्फबाट

पानि सुद्धिकरणका लागि यूरोगार्ड जडान गरिनुका साथै सबै विद्यलयहरुमा कुहिने नकुहिने फोहर संङ्कलनका लागि छुटा छुटै डस्विन समेत उपलब्ध गराईएको छ।

### ४.४.३ उद्देश्य

१. बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाजा प्राप्तिको सुनिश्चितता गर्नु।

२.विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुको स्वास्थ्य,पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धी गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाई उपलब्धमा सुधार गर्नु।

३. विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य सचेतना तथा आवश्यक प्राथमिक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नु।

४. दिवाखाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय, अभिभावक, स्थानीय समुदाय तथा सम्बन्धित निकायबीच समन्वय र सहभागिता अभिवृद्धि गर्नु।

### ४.४.४ रणनीतिहरु

१. दिवा खाजा कार्यक्रमलाई विस्तार गरि विद्यालयमा अध्ययनरत सबै बालबालिकाका लागि मापदण्डअनुसार पोषणयुक्त, सन्तुलित र स्वच्छ दिवाखाजा नियमित रूपमा उपलब्ध गराउने तथा दिवाखाजाको गुणस्तरको नियमित अनुगमन गरिनेछ।

२. स्थानीय स्तरमा उपलब्ध पौष्टिक तथा ताजा खाद्य सामग्रीको प्रयोगलाई प्राथमिकता दिई दिवाखाजामा विविधता कायम गर्ने र स्थानीय उत्पादन तथा कृषिसँग जोडिनेछ।

३. विद्यार्थीको स्वास्थ्य तथा पोषण अवस्थाको नियमित परीक्षण, अभिलेखीकरण तथा आवश्यकतानुसार स्वास्थ्य संस्थामा प्रेषण गर्ने व्यवस्था मिलाइनेछ।

४. विद्यालयमा स्वच्छ खानेपानी, सफा तथा पर्याप्त शौचालय, हात धुने स्थान, साबुन तथा सरसफाइका सामग्रीको नियमित व्यवस्था र प्रयोग सुनिश्चित गरिनेछ।

५. विद्यार्थी, शिक्षक तथा अभिभावकलाई पोषण, व्यक्तिगत सरसफाइ, हात धुने बानी, सुरक्षित पानी, महिनावारी स्वच्छता तथा स्वस्थ जीवनशैलीसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६. दिवाखाजा तथा स्वास्थ्य कार्यक्रमको प्रभावकारिता बढाउन विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य संस्था, स्थानीय समुदाय तथा स्थानीय तहबीच समन्वय र साझेदारी सुदृढ गरिनेछ।

७. दिवाखाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्दै विद्यार्थीको स्वास्थ्य, पोषण, नियमित उपस्थिति तथा सिकाइ उपलब्धिसँग जोडिनेछ।

### ४.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

विद्यालयम अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार,मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ।

**(ख) प्रमुख नतिजाहरु**

१. विद्यालयका सबै बालबालिकाले नियमित रूपमा स्वस्थ, स्वच्छ तथा पोषणयुक्त दिवाखाजा प्राप्त गर्ने र कुपोषण न्यूनीकरणमा सुधार आउनेछ।

२. बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्था सुधार भई नियमित उपस्थिति, एकाग्रता र सिकाइ उपलब्धिमा सकारात्मक सुधार हुनेछ।

३. विद्यार्थीमा व्यक्तिगत सरसफाइ, स्वच्छता, हात धुने तथा स्वस्थ जीवनशैलीसम्बन्धी व्यवहारमा सुधार आउनेछ र विद्यालयको वातावरण स्वच्छ तथा सुरक्षित हुनेछ।

४. विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित भई स्वास्थ्यसम्बन्धी समस्या समयमै पहिचान तथा व्यवस्थापन हुनेछ।

५. विद्यालय, अभिभावक, समुदाय तथा सम्बन्धित निकायबीच समन्वय र सहभागिता अभिवृद्धि भई दिवाखाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुनेछ।

६. समग्रमा बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ, नियमित विद्यालय उपस्थिति र सिकाइ उपलब्धिमा सुधार भई स्वस्थ तथा सिकाइमैत्री विद्यालय वातावरण निर्माण हुनेछ।

## (ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| विद्यालयमा पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण र कार्यान्वयन | पटक | - | १ | - | - | १ | २ | ३ | |
| विद्यालयहरुमा सेनेटरी प्याड लगायत सरसफाईका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजाका लागि थप वित्तिय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजाको लागि आवश्यक सामाग्री व्यवस्थापन | पटक | - | १ | - | - | १ | २ | ४ | |
| विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | पटक | १ | ० | ० | १ | ० | २ | ३ | |
| अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| दिवा खाजा तयार गर्ने व्यक्तिहरुका लागि स्वच्छता सम्बन्धि तालिम | पटक | १ | - | १ | - | १ | ३ | ५ | |

## ४.५ शिक्षामा सूचना प्रविधि

### ४.५.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई यसको प्रयोगमा भएको विभेद (डिजिटल डिभाइड) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ । सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा

सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ। त्यसैगरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

कोभिड-१९ को महामारीले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । सूचना तथा सञ्चार प्रविधिले विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा महत्त्वपूर्ण सहयोग गर्न सक्दछ। सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सिकाइ (अनलाईन र अफलाइनसमेत) लाई निरन्तरता दिने प्रयत्नहरू गरिए तापनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ।

### ४.५.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन्। विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट कनेक्टिभिटी, डिजिटल सिकाइ सामग्रीको विकास तथा ती सामग्रीमा पहुँच, शिक्षकको क्षमता समेतका मानव संशाधनको विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिसहित सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि सुधारहरू आवश्यक छन्।

स्थानीय तह तथा विद्यालयस्तरमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार हुँदै गए पनि यसको पहुँच, पूर्वाधार र प्रयोगमा अझै असमानता देखिन्छ। विद्यालयहरूमा कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, इन्टरनेट तथा डिजिटल शैक्षिक सामग्रीको प्रयोग क्रमशः बढ्दै गएको छ। शिक्षक तथा विद्यार्थीले शिक्षण–सिकाइ, सूचना संकलन, प्रस्तुतीकरण तथा सञ्चारका लागि सूचना प्रविधिको प्रयोग गर्न थालेका छन्। तर सबै विद्यालयमा पर्याप्त उपकरण, भरपर्दो इन्टरनेट, विद्युत् तथा दक्ष जनशक्तिको समान पहुँच छैन। कतिपय विद्यालयमा उपलब्ध प्रविधिको समेत नियमित र प्रभावकारी प्रयोग हुन सकेको छैन।

शैक्षिक तथ्याङ्क २०८२ को प्रतिवेदन अनुसार यस पालिकामा सञ्चालित ३७ विद्यालयमध्य सबै विद्यालयमा विद्युत सुबिधा पुगेको छ। सबै माद्यमिक विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था रहेको छ भने ३७ वटै विद्यालयमा इन्टरनेट जडान गरिएको छ। इन्टरनेट जडान सहित कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, कम्प्युटरसम्बन्धी ज्ञान भएका शिक्षकहरुको कमी तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था कमजोर रहेको छ। सबै शिक्षकहरुलाई कम्प्युटरसम्बन्धी ज्ञान, सीप प्रदान गर्नु, नियमित विद्युत आपूर्ति तथा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ।

### ४.५.३ उद्देश्य

१.विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी प्रविधिमैत्री शिक्षण–सिकाइ वातावरण निर्माण गर्नु।

२. शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता, सूचना प्रविधिसम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्नु ।

३. शिक्षण–सिकाइ प्रक्रियामा डिजिटल सामग्री, मल्टिमिडिया, इन्टरनेट तथा अन्य प्रविधिको प्रभावकारी प्रयोग गरी सिकाइ उपलब्धिमा सुधार ल्याउनु ।

४. विद्यालयमा आवश्यक कम्प्युटर, इन्टरनेट, प्रोजेक्टर, स्मार्ट उपकरण तथा अन्य ICT पूर्वाधारको विकास र व्यवस्थापन गर्नु ।

५. दुर्गम तथा पहुँचमा कठिन क्षेत्रका विद्यार्थीसमेत डिजिटल शैक्षिक सामग्री तथा प्रविधिमा समान पहुँच प्राप्त गर्ने अवस्था सिर्जना गर्नु ।

६. विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यलाई प्रविधिमैत्री बनाई अभिलेख व्यवस्थापन, सूचना सम्प्रेषण, अनुगमन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

७. सूचना प्रविधिको सुरक्षित, जिम्मेवार र सिर्जनात्मक प्रयोग सम्बन्धी विद्यार्थी तथा शिक्षकमा सचेतना अभिवृद्धि गर्नु ।

### ४.५.४ रणनीतिहरू

१.विद्यालयमा आवश्यकताअनुसार कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, स्मार्ट बोर्ड, स्मार्ट टिभी तथा इन्टरनेटलगायत ICT उपकरणको व्यवस्था तथा विस्तार गरिनेछ ।

२. सबै विद्यालयमा भरपर्दो इन्टरनेट तथा विद्युत् पहुँच सुनिश्चित गर्दै सूचना प्रविधिका उपकरणको नियमित मर्मतसम्भार र सुरक्षित व्यवस्थापन गरिनेछ ।

३. शिक्षक तथा कर्मचारीका लागि डिजिटल साक्षरता, ICT आधारित शिक्षण विधि तथा डिजिटल सामग्री निर्माण र प्रयोगसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

४.शिक्षण–सिकाइमा ई–सामग्री, मल्टिमिडिया, अनलाइन शैक्षिक स्रोत तथा डिजिटल प्लेटफर्मको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

५. विद्यार्थीलाई सूचना प्रविधिको सुरक्षित, जिम्मेवार, सिर्जनात्मक तथा उद्देश्यपूर्ण प्रयोगसम्बन्धी ज्ञान र सीप प्रदान गरिनेछ ।

६. दुर्गम तथा प्रविधिको पहुँच कम भएका विद्यालय र विद्यार्थीलाई प्राथमिकता दिई डिजिटल पहुँचमा रहेको असमानता न्यूनीकरण गरिनेछ ।

७. विद्यालयका प्रशासनिक तथा शैक्षिक अभिलेख, सूचना सम्प्रेषण, विद्यार्थी विवरण र अनुगमन प्रणालीलाई क्रमशः डिजिटल बनाइनेछ ।

८. विद्यालय, स्थानीय तह तथा सम्बन्धित निकायबीच समन्वय गरी ICT पूर्वाधार, डिजिटल सामग्री तथा प्राविधिक सहयोगको दिगो व्यवस्थापन गरिनेछ ।

९. शिक्षण–सिकाइमा ICT को प्रयोगको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रभावकारिता अध्ययन गरी आवश्यक सुधार गरिनेछ।

१०.शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ।

**(ख) प्रमुख नतिजा**

१. विद्यालयमा आवश्यक सूचना तथा सञ्चार प्रविधिका उपकरण, इन्टरनेट तथा ICT पूर्वाधारको पहुँच र प्रयोगमा वृद्धि हुनेछ।

२. शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता, ICT सीप तथा प्रविधिको प्रयोग गर्ने क्षमता अभिवृद्धि हुनेछ।

३. शिक्षण–सिकाइमा डिजिटल सामग्री, मल्टिमिडिया तथा अनलाइन स्रोतको प्रयोग बढेर शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी, रुचिकर र प्रविधिमैत्री हुनेछ।

४. ICT को प्रभावकारी प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धि, सिर्जनशीलता, खोज तथा अनुसन्धान गर्ने क्षमता र आत्मनिर्भर सिकाइमा सुधार हुनेछ।

५. विद्यालयको प्रशासनिक तथा शैक्षिक कार्य डिजिटल प्रणालीमा आधारित, व्यवस्थित, छिटो, पारदर्शी र प्रभावकारी हुँदै जानेछ।

६. दुर्गम तथा पहुँचमा कठिन क्षेत्रका विद्यार्थीसमेत डिजिटल सामग्री र प्रविधिमा जोडिँदा शैक्षिक तथा डिजिटल पहुँचमा रहेको असमानता न्यूनीकरण हुनेछ।

७.अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने।

## (ग) शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | वटा | ८ | २ | ५ | ५ | ५ | २५ | | |
| २ | प्रत्येकविद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | | सङ्घ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | | | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | ७ | ५ | ७ | ७ | ८ | ३४ | | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामूदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | १- | - | १ | - | १ | ३ | | |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन | वटा | १५ | १० | ९ | - | - | ३४ | | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको | | १ | २ | ४ | ४ | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भर्चुअल कक्षा सञ्चालन | | | | | | | | | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | विद्यालय | ७ | ७ | ७ | | | | | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतप्रयोगका लागि तालिमको ब्यवस्था | जना | १५ | १५ | १५ | १५ | १५ | | | |

## ४.६ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा तथा उत्थानशीलता

### ४.६.१ परिचय

आपतकालीन तथा संकटपूर्ण अवस्था भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, विपद्, द्वन्द्व तथा अन्य आकस्मिक घटनाका कारण विद्यालयको नियमित शैक्षिक गतिविधि प्रभावित हुने अवस्थालाई बुझिन्छ। यस्ता अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता, सुरक्षा, मानसिक तथा सामाजिक संरक्षण र सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पर्न सक्छ ।

यस अवस्थालाई मध्यनजर गर्दै विद्यालय तथा स्थानीय तहले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, सुरक्षित विद्यालय, वैकल्पिक सिकाइ प्रणाली, आवश्यक शैक्षिक सामग्री तथा मनोसामाजिक सहयोगको व्यवस्था गर्न आवश्यक हुन्छ। आपतकालीन अवस्थामा समेत बालबालिकालाई सुरक्षित वातावरणमा शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्नु र विपद्पछि विद्यालय तथा शैक्षिक प्रणालीलाई छिटो पुनः सञ्चालन गर्न सक्ने क्षमता विकास गर्नु नै शैक्षिक उत्थानशीलताको मुख्य आधार हो ।

विभिन्न समयमा आकस्मिकरुपमा आउने विभिन्न रोगजन्य महामारी,प्राकृतिक विपत्ति,द्वन्द,युद्ध जस्ता आपत्कालीन तथा संङ्कटपूर्ण अवस्थामा बालबालिकाहरु विद्यालयमा नै गयर अध्ययन गर्ने वातावरण नहून सक्छ । यस्तो अवस्थामा समेत  बालबालिकाहरु शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्य साथ र बालबालिकाहरुको सिक्ने पाउने अधिकारलाई संरक्षण गर्दै सिकाईलाई निरन्तरता दिनको लागि बैकल्पिक रुपमा सिकाईको वातावरण श्रजना गरिनु आवश्यक हुन्छ। आपतकालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन,सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, अति चिसो र तातो वातावरणमा सुरक्षा तथा सिकाइको निरन्तरता हो।

नेपालमा पनि प्रकोप व्यस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना,शिक्षा क्षेत्रको दिर्घकालिन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समेत यस सम्बन्धी व्यवस्था समावेश गरिदै आएको छ । तसर्थ स्थानीय निकायहरुले पनि आपतकालीन तथा संङकटकालीन अवस्थामा अपनाउन सकिने  विधि तथा प्रक्रियका सम्बन्धमा आवश्यक तयारी गर्नु आवश्यक हुन्छ।  यसै कुरालाई मध्यनजर गरि स्थानीय शिक्षा योजनामा पालिकाको वर्तमान अवस्थालाई समेत विश्लेषण गरी गर्नुपर्ने क्रियाकलाप तथा उपलब्धिहरुलाई समावेश गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विभेद,दुराचार जस्ता कुरालाई निषेध गरेको छ। वृहत विद्यालय न्यूनतम सुरक्षा प्यकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रहि सिकाई पूर्वाधार,विपद जोखिम व्यवस्थापन, विपद जोखिमका न्यूनिकरण र उत्तथानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ । यसका साथै राष्ट्रिय शिक्षा नीति, २०७६ लगायत विभिन्न गुरुयोजना,नीतिहरुले समेत आपत तथा विपदको समयमा समेत शिक्षालाई निरन्तरता दिनुपर्ने कुरालाई जोड दिदै विपद्को पूर्वतयारी,प्रतिकार्य,न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा

राख्ने कुरा उल्लेख गरेको छ।

नेपालमा २०७२ सालमा आएको भूकम्प, कोभिड-१९ तथा स्थानीय स्तरमा हुने बाढी,पहिरो जस्ता विपदका कारण धेरै दिनसम्म विद्यालयको पठन पाठनमा असर परेको पाईन्छ। कहि वर्ष अगाडि को कोभिड-१९ का कारण उत्पन्न परिस्थितिले त झन आपतकालीन शिक्षाको योजना स्थानीय तहका योजनाहरुमा समावेश गरी आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गर्न तम्तयारी आवस्थामा रहनु पर्ने हुन्छ। विपतबाट भएको क्षतिलाई कम गर्न,क्षतिको आपूरण गर्न र शिक्षण सिकाईलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा विपतबाट भएको सिकाइ क्षतिको लेखाजोखा गरी आपूरणको योजना निर्माण तथा कार्यान्वयन आवश्यक हुन्छ। यस पालिकामा प्रमुखरुपमा बाढी,पहिरो,आगोलागि,हावाहुरी तथा समय समायमा आउने महामारीहरु जस्ता विपत् बढी रहेका छन्। प्राकृतिक प्रकोप,महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा केही पूर्वानुमान गर्न सकिएतापनि यसको ठ्याक्कै प्रभाव,असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन। तसर्थ विगतका अभ्यासहरुको आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने आवश्यक पर्दछ।

यसका लागि प्रमुख चुनौतिका रुपमा आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयका रूपमा वा छुट्टै विधाका रूपमा सम्बोधन गर्ने यसका लागि ,छुट्टै योजना बनाउने वा योजनाको हरेक अवयवमा समावेश गर्ने यस योजनामा ,प्राकृतिक प्रकोप मात्र सीमित हुने वा महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, योजनालाई अल्पकालीन बनाउने वा दीर्घकालीन बनाउने भन्ने विषय प्रमुख चुनौतिका रुपमा रहेका छन्।

### ४.६.३ उद्देश्य

१. विपद् तथा संकटका समयमा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्दै सिकाइमा हुने अवरोध न्यूनीकरण गर्नु।

२. विद्यालयमा विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीको क्षमता विकास गरी बालबालिका, शिक्षक तथा विद्यालय समुदायको सुरक्षा सुनिश्चित गर्नु।

३. भूकम्प, बाढी, पहिरो, महामारी तथा अन्य संकटका समयमा वैकल्पिक तथा आपतकालीन सिकाइ प्रणाली सञ्चालन गर्ने क्षमता विकास गर्नु।

४.विद्यालयलाई सुरक्षित, समावेशी तथा विपद् उत्थानशील बनाउँदै आवश्यक पूर्वाधार तथा शैक्षिक सामग्रीको व्यवस्था गर्नु ।

५.आपतकालीन अवस्थामा बालबालिकाको मनोसामाजिक सुरक्षा, संरक्षण तथा आवश्यक सहयोगमा पहुँच सुनिश्चित गर्नु ।

६. विपद्पछि विद्यालय तथा शैक्षिक गतिविधिलाई छिटो पुनःस्थापना र सञ्चालन गर्न सक्ने संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

७. विपद् व्यवस्थापनका लागि स्थानीय तह, विद्यालय, अभिभावक, समुदाय, सुरक्षा निकाय तथा सम्बन्धित संघसंस्थाबीच समन्वय र सहकार्य सुदृढ गर्नु ।

### ४.६.४ रणनीति

१. विद्यालय तथा समुदायमा विपद् जोखिमको पहिचान, नक्साङ्कन तथा जोखिम न्यूनीकरण योजना तयार गरी नियमित रूपमा अद्यावधिक गरिनेछ ।

२. प्रत्येक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन तथा आपतकालीन कार्ययोजना तयार गरी नियमित अभ्यास तथा पूर्वतयारी कार्यक्रम सञ्चालन गरिनेछ ।

३. शिक्षक, विद्यार्थी तथा विद्यालय समुदायलाई भूकम्प, बाढी, पहिरो, आगलागी, महामारीलगायत विपद् व्यवस्थापन, प्राथमिक उपचार तथा उद्धारसम्बन्धी तालिम र अभिमुखीकरण प्रदान गरिनेछ ।

४. विद्यालयका भवन, कक्षाकोठा, खानेपानी, शौचालय तथा अन्य पूर्वाधारलाई सुरक्षित, पहुँचयोग्य तथा विपद् उत्थानशील बनाइनेछ ।

५. विपद्का समयमा शिक्षा निरन्तर राख्न वैकल्पिक सिकाइ विधि, घरमै सिकाइ, डिजिटल माध्यम तथा आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ ।

६. आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, संरक्षण, मनोसामाजिक सहयोग तथा विशेष आवश्यकता भएका बालबालिकाको आवश्यक सहयोग सुनिश्चित गरिनेछ ।

७. विपद् प्रभावित विद्यार्थी तथा विद्यालयलाई शैक्षिक सामग्री, राहत तथा पुनःस्थापना सहयोग उपलब्ध गराई विद्यालयलाई यथाशीघ्र पुनःसञ्चालन गरिनेछ ।

८. आपतकालीन अवस्थामा प्रभावकारी प्रतिकार्यका लागि स्थानीय तह, विद्यालय, अभिभावक, समुदाय, स्वास्थ्य संस्था, सुरक्षा निकाय तथा सम्बन्धित संघसंस्थाबीच समन्वय र सहकार्य सुदृढ गरिनेछ ।

९. विद्यालयमा विपद् सुरक्षा, जलवायु परिवर्तन, वातावरण संरक्षण तथा जोखिम न्यूनीकरणसम्बन्धी विषयवस्तुलाई शिक्षण सिकाइसँग जोडिनेछ।

१०. आपतकालीन अवस्थामा सञ्चालन गरिएका कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सिकाइका आधारमा योजना सुधार गर्दै विद्यालयको उत्थानशीलता अभिवृद्धि गरिनेछ।

### ४.६.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. विद्यालय तथा समुदायमा विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीको क्षमता अभिवृद्धि भई आपतकालीन अवस्थामा प्रभावकारी प्रतिकार्य गर्न सक्ने अवस्था सिर्जना हुनेछ।

२. विपद् तथा संकटका समयमा पनि बालबालिकाको शिक्षा निरन्तरता कायम भई सिकाइमा हुने अवरोध तथा विद्यालय छाड्ने जोखिममा कमी आउनेछ।

३. विद्यालयका भवन तथा शैक्षिक वातावरण सुरक्षित, समावेशी र विपद् उत्थानशील भई विद्यार्थी तथा शिक्षकको सुरक्षा सुनिश्चित हुनेछ।

४. आपतकालीन अवस्थामा बालबालिकाले संरक्षण, मनोसामाजिक सहयोग तथा आवश्यक शैक्षिक सामग्री र सेवामा पहुँच प्राप्त गर्नेछन्।

५. विपद्पछि विद्यालय तथा शैक्षिक गतिविधि छिटो पुनःस्थापना र सञ्चालन गर्न सक्ने क्षमता विकास भई विद्यालयको समग्र उत्थानशीलता अभिवृद्धि हुनेछ।

**ख) नतिजा**

१. विपद् तथा संकटका समयमा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित भई सिकाइमा हुने अवरोध र विद्यालय छाड्ने दरमा कमी आउनेछ।

२. विद्यालय तथा समुदायमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि हुनेछ।

३. विद्यालयका भौतिक संरचना तथा शैक्षिक वातावरण सुरक्षित, समावेशी र विपद् उत्थानशील बन्नेछ।

४. आपतकालीन अवस्थामा बालबालिकाले मनोसामाजिक सहयोग, संरक्षण, वैकल्पिक सिकाइ तथा आवश्यक शैक्षिक सेवामा पहुँच प्राप्त गर्नेछन्।

५. विपद्पछि विद्यालय तथा शैक्षिक गतिविधि शीघ्र पुनःस्थापना र सञ्चालन भई शैक्षिक प्रणालीको समग्र उत्थानशीलता अभिवृद्धि हुनेछ।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| आपतकालिन/संकटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थानीय सरकारको कार्यविधि निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| निर्देशिकाको आधारमा विज्ञ व्यवस्थापन समिति गठन | पटक | ० | १ | 0 | 0 | १ | २ | ३ | |
| शिक्षक तथा प्र.अ. लाई तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलतका लागि सचेतना कार्यक्रम | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | ५ | |
| विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | 1 | 1 | 1 | 1 | 1 | ५ | ५ | |
| विपत् प्रतिरोधी विद्यालय सङ्ख्या | | ३ | ४ | ४ | २ | २ | १५ | ३० | |
| विद्यार्थीका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.७ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.७.१ परिचय

प्रभावकारी शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित,खेलमैदान,शौचालय तथा सुरक्षित खानेपानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकता पर्दछ। शिक्षा नियमावली,२०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी हुन प्रारम्भिक बालविकास तथा आधारभूत तहका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.००

वर्गमिटर बराबरको क्षेत्रफला निर्धारण गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरु पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति,नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.७.२ वर्तमान अवस्था

यस पालिकामा जम्मा ३७ वटा विद्यालयहरु रहेका छन् । केहि विद्यालय बाहेक अधिकाशं विद्यालयहरुमा विद्यालय भवन तथा कक्षाकोठाको संख्या प्रयाप्त रहेको छ । तथापि कोठा संख्या प्रयाप्त भएता पनि अन्य आवश्यक सामग्री फर्निचर खेलमैदान तथा बालमैत्रि शौचालयको व्यवस्थापन उचित रुपमा भएको छैन् । कतिपय विद्यालय भवनहरु बाढी तथा पैर्होको जोखिममा रहेका छन् । सबै विद्यालय भवन भुकम्प प्रतिरोधि निर्माण भएका छैनन् । आगामी वर्षहरुमा विद्यालयहरुमा छुट्टै कार्यालय कक्ष,पुस्तकालय,विज्ञान प्रयोगशाला कक्षा, सूचना प्रविधि ल्याब तथा विषयगत सिकाइ कक्षाहरुको निर्माण गर्नुपर्ने आवश्यकता छ । यस पालिका भित्रका २२ वटा विद्यालयहरुमा छात्र तथा छात्राका लागि छुट्टा छुट्टै शौचालय रहेका छन् भने सबै विद्यालयहरुमा खानेपानीको व्यवस्था हुनका साथै पानी शुद्धीकरणको व्यवस्था समेत गरिएको छ । पालिका भित्रका सबै विद्यालयहरुमा पुस्तकालय रहेको ११ वटा माध्यमिक तथा २ वटा आधारभूत विद्यालमा विज्ञान प्रयोगशाला तथा ११ वट्टा विद्यालयमा कम्प्युटर ल्याब समेत स्थापना भएका छन् । संघिय सरकारको अनुदानमा सबै ३४ वटै सामुदायिक विद्यालयहरुमा इन्टरनेट सुविधा पुगेको छ ।

भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको प्रभावकारी भूमिका नहुनु,सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्ताका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्न नसकिनु,विद्यालयमा भएका पूर्वाधराहरुलाई बालमैत्रीतथा अपाङ्ग मैत्री बनाउनु चुनौतिका रुपमा रहेका छनु ।

### ४.७.३ उद्देश्य

१. विद्यालयका लागि आवश्यक सुरक्षित, सुविधायुक्त, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु ।

२. सबै बालबालिकाका लागि समान, सहज र सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्नु ।

३. विद्यालयमा पर्याप्त र गुणस्तरीय कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पुस्तकालय तथा ICT पूर्वाधारको व्यवस्था गर्नु ।

४. विद्यालयमा स्वच्छ खानेपानी, पर्याप्त शौचालय, हात धुने स्थान तथा सरसफाइका सुविधा सुनिश्चित गरी स्वस्थ वातावरण निर्माण गर्नु ।

५. भूकम्प, बाढी, पहिरो तथा अन्य विपद्बाट सुरक्षित हुने गरी विपद् उत्थानशील विद्यालय पूर्वाधार निर्माण तथा सुधार गर्नु ।

६. विद्यार्थीको शारीरिक तथा मानसिक विकासका लागि खेलमैदान, हरित क्षेत्र तथा मनोरञ्जनात्मक पूर्वाधारको विकास गर्नु ।

७. विद्यालयका भौतिक संरचनाको नियमित मर्मतसम्भार, संरक्षण तथा दिगो व्यवस्थापनको व्यवस्था गर्नु।

### ४.७.४ रणनीति

१. विद्यालयको भौतिक पूर्वाधारको आवश्यकता तथा अवस्थाको सर्वेक्षण गरी प्राथमिकताका आधारमा पूर्वाधार विकास योजना तयार गरिनेछ ।

२. विद्यार्थी संख्या, भौगोलिक अवस्था तथा आवश्यकताका आधारमा पर्याप्त, सुरक्षित, बालमैत्री तथा अपाङ्गतामैत्री कक्षाकोठा र भवन निर्माण तथा सुधार गरिनेछ ।

३. विद्यालयमा फर्निचर, पुस्तकालय, प्रयोगशाला, ICT कक्ष तथा अन्य आवश्यक शैक्षिक पूर्वाधारको क्रमिक विकास र विस्तार गरिनेछ ।

४. विद्यालयमा स्वच्छ खानेपानी, छात्र–छात्राका लागि छुट्टाछुट्टै तथा अपाङ्गतामैत्री शौचालय, हात धुने स्थान र सरसफाइका सुविधाको व्यवस्था गरिनेछ ।

५. भूकम्प, बाढी, पहिरो, आगलागीलगायत जोखिमलाई ध्यानमा राखी विपद् उत्थानशील तथा सुरक्षित विद्यालय संरचना निर्माण र सुधार गरिनेछ ।

६.विद्यार्थीको शारीरिक तथा सिर्जनात्मक विकासका लागि खेलमैदान, खुला क्षेत्र, हरित क्षेत्र तथा मनोरञ्जनात्मक पूर्वाधारको विकास गरिनेछ ।

७. विद्यालयका भौतिक संरचनाको नियमित मर्मतसम्भार, संरक्षण तथा उपयोगको प्रभावकारी व्यवस्थापन गरिनेछ।

८. विद्यालय पूर्वाधार विकासमा स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदाय तथा सम्बन्धित निकायको सहभागिता र साझेदारी बढाईनेछ।

९. पूर्वाधार निर्माणमा गुणस्तर, पारदर्शिता, लागत प्रभावकारिता तथा वातावरणीय पक्षलाई प्राथमिकता दिइनेछ।

१०. विद्यालयको भौतिक पूर्वाधार विकास तथा मर्मतसम्भारका लागि दिगो स्रोत व्यवस्थापन र नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरिनेछ।

११.पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।

### ४.७.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

**(क) उपलब्धि**

१. विद्यालयमा सुरक्षित, बालमैत्री, अपाङ्गतामैत्री तथा सुविधायुक्त भौतिक पूर्वाधार विकास भई गुणस्तरीय सिकाइ वातावरण निर्माण हुनेछ।

२. विद्यालयमा पर्याप्त कक्षाकोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, ICT तथा खेलकुदसम्बन्धी पूर्वाधारको पहुँच र प्रयोगमा वृद्धि हुनेछ।

३. स्वच्छ खानेपानी, शौचालय, सरसफाइ तथा स्वास्थ्यसम्बन्धी सुविधा पर्याप्त भई विद्यार्थीका लागि स्वस्थ र सुरक्षित विद्यालय वातावरण सुनिश्चित हुनेछ।

४. विद्यालयका भौतिक संरचना विपद् उत्थानशील, दिगो तथा नियमित मर्मतसम्भारयुक्त भई विद्यार्थी तथा शिक्षकको सुरक्षा र विद्यालयको दीर्घकालीन उपयोगिता सुनिश्चित हुनेछ।

**( ख) नतिजा**

१. माग र आवश्यकताका आधारम विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरुयोजना तयार हुने।

२.पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा मपदण्ड विकास हुनेछ।

३.विद्यालयमा सुरक्षित, बालमैत्री, अपाङ्गता मैत्री तथा सिकाइमैत्री भौतिक वातावरण निर्माण भई विद्यार्थीको नियमित उपस्थिति र सिकाइमा सुधार हुनेछ।

४.विद्यालयमा आवश्यक कक्षाकोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, ICT तथा खेलकुद पूर्वाधारको पर्याप्तता र उपयोगमा वृद्धि हुनेछ।

५.स्वच्छ खानेपानी, शौचालय, सरसफाइ तथा स्वास्थ्य सुविधामा पहुँच सुनिश्चित भई विद्यार्थीको स्वास्थ्य तथा विद्यालयमा सुरक्षित वातावरणमा सुधार हुनेछ।

६. विद्यालयका भौतिक संरचना विपद् उत्थानशील, गुणस्तरीय र दिगो भई नियमित मर्मतसम्भार तथा प्रभावकारी उपयोग सुनिश्चित हुनेछ।

८.सबै विद्यालयको क्षेत्रभित्र घेराबार र प्रवेश गेट निर्माण भएको हुनेछ ।

**( ग) प्रमुख लक्ष्य र क्रियाकलाप**

| क्र सं | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ वर्ष | १० वर्ष |
| १ | भौतिक पुर्वाधार विकास योजना निर्माण | पटक | - | १ | - | - | - | १ | २ |
| २ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण (खानेपानी, शौचालय, भवन, कम्पाउन्ड) | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | सबै |
| २ | निर्माण भएका संरचनाको मर्मत संभार | कसरी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | बालमैत्री प्रविधिमैत्री र समतामुलक भवन कक्षाकोठा व्यवस्थापन | विद्याल संख्या | ५ | ५ | ५ | ५ | ५ | | सबै |
| ५ | विज्ञ समुह मार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकम कार्यान्वयनको अनुगमन मूल्याङ्कन | पटक | - | १ | - | १ | - | २ | ४ |

# परिच्छेद पाँचः
# विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुर्‍याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता  तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार

शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्वस शिक्षामा भएको सङ्ख्यात्मक विस्तारस ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय  मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास  हुनुमा यसको  औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा र शाखाको व्यवस्था गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नकालागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक-एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् । विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन् । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ तथा प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास महाशाखा स्थापना

गरेको पाइन्छ। शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.१.३ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
२.तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
३.स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
४.जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

१.स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ,
२.संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिनेछ,
३.कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ,
४.स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिनेछ,
५.प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिनेछ ।
६.कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गरिनेछ ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**(ख) प्रमुख नतिजा**

१.शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

२.शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,

३.शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,

४.सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।

**(ग) संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिकलक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | - | १ | ० | १ | - | २ | ४ |
| २ | विद्यालयको कार्यसम्पादन मुल्याङ्कन गर्ने | विद्यालय | ३७ | ३७ | ३७ | ३७ | ३७ | १८५ | |
| ३ | प्रधानाध्यापकलाइ कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ३७ | ३७ | ३७ | ३७ | ३७ | १८५ | १८५ |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | १८५ | १८५ |
| ५ | प्रधानाध्यापक बैठक भत्ता | सबै | ३७ | ३७ | ३७ | ३७ | ३७ | सबै | सबै |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | ३७ | ३७ | ३७ | ३७ | ३७ | सबै | सबै |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | १८५ | १८५ |
| ८ | शिक्षा शाखामा कार्यरत कर्मचारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.३ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना

विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्। शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।

### ५.२.३ उद्देश्यहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

१.संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिनेछ ।

२.कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गरिनेछ।

३.कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ ।

४.एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गरिनेछ ।

५.विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

६.विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक प्रभावकारी बनाइनेछ।

७.विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइनेछ ।

८.वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गरिनेछ ।

९.अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ ।

१०सामुदायिक सिकाइ  केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गरिनेछ ।

## ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धिहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

### (ख) प्रमुख नतिजा

१.शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### (ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | ० | १ | ० | ० | १ | २ | ४ | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्विन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन । कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध गाउँ कार्यपालिकाको निर्णय बमोजिम शिक्षा शाखाले समन्वय गर्नेछ ।

कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा वि.व्य.स र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार रसुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्विन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहले शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा वि.व्य.स र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ ।

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

### ५.३.३ उद्देश्य

१.अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु।

२.अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३.योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु ।

### ५.३.४ रणनीतिहरू

१.प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गरिनेछ ।

२.शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गरिनेछ ।

३.कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइनेछ।

४.नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ ।

५.विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गरिनेछ।

६.कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गरिनेछ।

७.योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धिहरु**

१.प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

२.कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना  गर्न मद्दत हुनेछ ।

३.समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ ।

**(क) प्रमुख नतिजा**

१.नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ ।

२.अनुगमनका आधारमा नतिजा सुधार हुनेछ ।

३.अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ ।

## (ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | ० | १ | ० | ० | २ | ४ | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | ० | १ | ० | १ | ३ | ५ | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | ० | १ | ० | १ | ३ | ६ | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |

# परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी समेत स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पनि पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको कम्तिमा पनि २० प्रतिशत बजेट शिक्षाक्षेत्रमा  विनियोजन गरिनुपर्ने सुझाव दिएको भएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ,

प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो रहेको पाउन सकिन्छ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ३० हजार रहेको छ ।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ ।

## ६.३ उद्देश्य

१.योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,

२.पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,

३.उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

४.खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

५.उपलब्ध स्रोत तथा बजेटको प्रभावकारी, मितव्ययी र परिणाममुखी उपयोग गर्नु ।

६.शिक्षामा स्थानीय, प्रदेश, संघीय तथा अन्य साझेदारका स्रोत परिचालन र समन्वय गर्नु ।

## ६.४ रणनीतिहरू

१.स्थानीय शैक्षिक आवश्यकता र प्राथमिकताका आधारमा लगानी तथा स्रोत व्यवस्थापन योजना तयार गरिनेछ ।

२.विद्यार्थी संख्या, विद्यालयको अवस्था, शिक्षक आवश्यकता, भौगोलिक दुर्गमता तथा शैक्षिक उपलब्धिका आधारमा स्रोतको न्यायोचित वितरण गरिनेछ ।

३.संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान तथा बजेटलाई एकीकृत गरी दोहोरोपन नहुने गरी प्रभावकारी परिचालन गरिनेछ ।

४.शिक्षामा स्थानीय स्रोत, समुदाय, निजी क्षेत्र, गैरसरकारी संस्था तथा विकास साझेदारको सहभागिता र सहकार्य बढाइनेछ ।

५.सुरक्षित, समावेशी, बालमैत्री, अपाङ्गमैत्री तथा जलवायु–उत्थानशील विद्यालय पूर्वाधार विकासमा प्राथमिकताका साथ लगानी गरिनेछ ।

६.विद्यालय तथा गाउँपालिकाको बजेट निर्माणमा आवश्यकता, लागत–प्रभावकारिता र अपेक्षित उपलब्धिलाई आधार बनाउनेछ ।

७.कम प्रभावकारी कार्यक्रमको पुनरावलोकन गरी स्रोतलाई बढी प्रभावकारी तथा परिणाममुखी क्षेत्रमा पुनःविनियोजन गरिनेछ ।

८.स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइनेछ ।

९.वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिनेछ ।

१०.वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइनेछ ।

## ६.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. शिक्षाका लागि आवश्यक वित्तीय, भौतिक, मानवीय तथा प्राविधिक स्रोतको पर्याप्त र दिगो व्यवस्थापन भएको हुनेछ।

२. विद्यालय तथा विद्यार्थीको आवश्यकता र प्राथमिकताका आधारमा स्रोतको न्यायोचित तथा प्रभावकारी वितरण भएको हुनेछ।

३. शिक्षामा गरिएको लगानीको पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम भई बजेटको परिणाममुखी उपयोग भएको हुनेछ।

४. विद्यालयको भौतिक पूर्वाधार, सिकाइ वातावरण, ICT तथा शैक्षिक सामग्रीमा सुधार भई गुणस्तरीय शिक्षाका लागि अनुकूल वातावरण बनेको हुनेछ।

५. शिक्षक तथा शैक्षिक जनशक्तिको पर्याप्तता र क्षमता विकासमा सुधार भएको हुनेछ।

६. पछाडि परेका तथा जोखिममा रहेका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको हुनेछ।

७. स्रोत परिचालनमा स्थानीय समुदाय तथा विभिन्न साझेदारको सहभागिता वृद्धि भई शिक्षामा अतिरिक्त स्रोत परिचालन भएको हुनेछ।

८. लगानीको अनुगमन तथा मूल्याङ्कनका आधारमा स्रोतको प्रभावकारी परिचालन भई विद्यार्थीको सिकाइ उपलब्धि र समग्र शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्र स | शिक्षाका उप( क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रित इकाइ लागत रु.००० मा | | | | | | श्रोत आँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | २२००० | २३०० | २४०० | २४०० | २५०० | ११८००० | ६०००० | ५०० | २९००० |
| २. | आधारभतू शिक्षा | १५०००० | १५१००० | १५२००० | १५३००० | १५५००० | ७६१००० | ७४०००० | ३००० | १८००० |
| ३. | माध्यमिक शिक्षा | ४२००० | ४२५०० | ४३००० | ४५००० | ४६००० | २११८५०० | २००००० | २५०० | १६००० |
| ४. | उच्च शिक्षा | १२००० | १२५०० | १३५०० | १४००० | १५००० | ६७००० | ५०००० | २००० | १५००० |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा | २००० | २५०० | ३५०० | ५००० | १२००० | २५००० | १०००० | ४००० | ११००० |
| ६. | पाठ्यक्रम र पाठ्यसामग्री | २७०० | ३००० | ३००० | ३२०० | ३२०० | १५१०० | १०००० | ५०० | ४६०० |
| ७. | शिक्षक व्यवस्थापन र विकास | ८०० | १००० | १२०० | १३०० | १५०० | ५८०० | ४५०० | | ० |
| ८. | विद्यालय व्यवस्थापन | २४०० | २८०० | ३२०० | ३५०० | ३७०० | १५६०० | १०००० | १००० | ४६०० |
| ९. | निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | १७०० | १९०० | २१०० | १७०० | १७०० | ९१०० | ७००० | ५०० | ६०० |
| १०. | गुणस्तरीय सार्बजनिक शिक्षा | २५०० | २७०० | ३००० | ३५०० | ५००० | १६७०० | १०००० | १५०० | ५२०० |
| ११. | आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच समावेशी शिक्षा | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ० | ० | ० |
| १२. | शिक्षामा सूचना प्रविधि | १००० | १५०० | २५५० | २५५० | २५५० | १०१५० | ० | ० | ० |
| १३. | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ४६० | ५५० | १५० | १५० | १५० | १४६० | ० | ० | ० |
| १४. | संस्थागत संरचना र क्षमता विकास | ६००० | ७५०० | ७५०० | ८००० | ८००० | ३७००० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५. | योजना कार्यन्वयन अनुगमन तथा मूल्यङ्कन समन्वय र सहजीकरणा | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ० | ० | ० |
| | जम्मा | २४६२६० | २५३१५० | २५९४०० | २६५६०० | २७९५०० | १३०३९१० | ११४७३०० | २२१०० | ९१५१० |

# परिच्छेद सातः

# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ७.१ परिचय

स्थानीय शिक्षा योजना निर्माण गर्नु मात्र पर्याप्त हुँदैन, योजनामा निर्धारित लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्नु आवश्यक हुन्छ। यसका लागि योजनालाई वार्षिक कार्यक्रम तथा बजेटसँग आबद्ध गरी स्पष्ट जिम्मेवारी, समयसीमा र स्रोतको व्यवस्थापन गर्नुपर्दछ। योजना कार्यान्वयनको क्रममा कार्यक्रमको प्रगति, स्रोतको उपयोग, समस्या तथा उपलब्धिको नियमित रूपमा अनुगमन गरी आवश्यक सुधार गर्नुपर्छ भने निर्धारित लक्ष्य र अपेक्षित परिणाम हासिल भए वा नभएको तथा कार्यक्रमको प्रभावकारिताको विश्लेषण मूल्याङ्कन मार्फत गर्नुपर्दछ। साथै, स्थानीय तह, विद्यालय, वडा कार्यालय, शिक्षा सम्बन्धी सरोकारवाला निकाय, अभिभावक, समुदाय तथा विकास साझेदारबीच प्रभावकारी समन्वय कायम गरी उपलब्ध स्रोत र साधनको एकीकृत तथा प्रभावकारी उपयोग गर्नुपर्छ। योजना कार्यान्वयनका क्रममा विद्यालय तथा सम्बन्धित निकायलाई आवश्यक प्राविधिक सहयोग, मार्गदर्शन, परामर्श, क्षमता विकास र समस्या समाधानका लागि सहजीकरण प्रदान गर्नुपर्दछ। यसरी प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा मूल्याङ्कन, सरोकारवालाबीच समन्वय र आवश्यक सहजीकरणको व्यवस्था गर्न सकेमा स्थानीय शिक्षा योजनाले निर्धारित लक्ष्य हासिल गर्दै शिक्षा क्षेत्रमा गुणात्मक, परिणाममुखी र दिगो सुधार ल्याउन सहयोग पुग्दछ।

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि।व्या।स। र प्रा।आ।को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा

गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरिवेक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउपालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा वि.व्य.स र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभाग अन्तर्गत शिक्षा विकास तथा समन्वय एकाइले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन्।कालीगण्डकी गाउँपालिकाको गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछः

| क्र. सं | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख/शाखा अधिकृत | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा शाखा | | अधिकृतहरु | मासिक | |
| ८ | शिक्षा विभाग | | | वार्षिक | |
| ९ | सामाजिक विकास मन्त्रालय-प्रदेश | | शिक्षा विकास महाशाखा प्रतिनिधि | वार्षिक | |
| १० | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | प्रतिनिधि | मासिक | |

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.३ उद्देश्य

१.स्थानीय शिक्षा योजनामा निर्धारित लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमको प्रभावकारी र समयबद्ध कार्यान्वयन सुनिश्चित गर्नु ।

२. कार्यक्रमको प्रगति, स्रोतको उपयोग र उपलब्धिको नियमित अनुगमन तथा वस्तुनिष्ठ मूल्याङ्कन गर्नु।

३. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणका आधारमा योजना तथा कार्यक्रमको निरन्तर सुधार गर्नु।

४. स्थानीय तह, विद्यालय, समुदाय तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय र सहकार्य कायम गर्नु ।

५. विद्यालय तथा सम्बन्धित निकायलाई आवश्यक प्राविधिक सहयोग, मार्गदर्शन र क्षमता विकासमार्फत प्रभावकारी कार्यसम्पादनमा सहजीकरण गर्नु ।

६.योजना कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता र परिणाममुखीता सुनिश्चित गर्दै अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्नु ।

## ७.४ रणनीतिहरू

१.स्थानीय शिक्षा योजनालाई वार्षिक कार्यक्रम, बजेट तथा मध्यमकालीन खर्च संरचनासँग आबद्ध गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ ।

२. प्रत्येक लक्ष्य, कार्यक्रम तथा क्रियाकलापका लागि स्पष्ट जिम्मेवारी, कार्यसम्पादन सूचक, समयसीमा र आवश्यक स्रोत निर्धारण गरिनेछ ।

३. गाउँपालिका, वडा, विद्यालय तथा सम्बन्धित सरोकारवालाबीच स्पष्ट कार्यविभाजन र जिम्मेवारीको व्यवस्था गिरनेछ ।

४.योजना कार्यान्वयनको नियमित अनुगमनका लागि प्रभावकारी अनुगमन संयन्त्र, मापदण्ड तथा कार्यतालिका विकास गरिनेछ ।

५.अनुगमनलाई नियन्त्रणमुखीभन्दा सहयोगात्मक, सुधारात्मक तथा सिकाइमैत्री बनाउँदै विद्यालयलाई आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ ।

६. निर्धारित सूचक तथा प्रमाणमा आधारित नियमित प्रगति समीक्षा र आवधिक मूल्याङ्कन गरिनेछ ।

७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त निष्कर्ष र सुझावका आधारमा कार्यक्रम तथा रणनीतिमा आवश्यक सुधार गरिनेछ।

८.स्थानीय तह, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा समुदायबीच नियमित समन्वय र सहकार्यको संयन्त्र विकास गरिनेछ।

९. संघ, प्रदेश, स्थानीय तह तथा विकास साझेदारका शिक्षा सम्बन्धी कार्यक्रमबीच समन्वय गरी स्रोतको दोहोरोपन न्यूनीकरण गरिन्छ।

१०. विद्यालय तथा शैक्षिक जनशक्तिलाई आवश्यक प्राविधिक सहयोग, मार्गदर्शन, परामर्श तथा क्षमता विकासका अवसर उपलब्ध गराइने छ।

११. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत योजना कार्यान्वयनको प्रगति अभिलेखीकरण, प्रतिवेदन र सूचना व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

१२. योजना कार्यान्वयनमा पारदर्शिता, सामाजिक उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नियमित समीक्षा गरिनेछ।

१३.उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय तथा सरोकारवालालाई प्रोत्साहन गर्दै असल अभ्यासको आदानप्रदान र विस्तार गरिनेछ।

१४. समस्या तथा चुनौतीहरूको समयमै पहिचान गरी सम्बन्धित निकायसँग समन्वयमार्फत समाधान गर्ने संयन्त्र विकास गरिनेछ।

१५. वार्षिक तथा आवधिक समीक्षा र मूल्याङ्कनका आधारमा आगामी योजना, कार्यक्रम र बजेटलाई निरन्तर परिमार्जन तथा परिणाममुखी बनाइनेछ।

## ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१.स्थानीय शिक्षा योजनाका लक्ष्य, कार्यक्रम तथा क्रियाकलाप प्रभावकारी र समयबद्ध रूपमा कार्यान्वयन भएका हुनेछन्।

२. नियमित अनुगमन, समीक्षा तथा मूल्याङ्कनबाट योजना कार्यान्वयनको गुणस्तर र परिणाममुखीता सुधार भएको हुनेछ।

३. स्थानीय तह, विद्यालय, समुदाय तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित भएको हुनेछ।

४. विद्यालय तथा शैक्षिक जनशक्तिले आवश्यक प्राविधिक सहयोग, मार्गदर्शन र सहजीकरण प्राप्त गरी कार्यसम्पादन क्षमता वृद्धि भएको हुनेछ।

५. पारदर्शिता, जवाफदेहिता र प्रमाणमा आधारित निर्णय प्रक्रियामार्फत समग्र शैक्षिक उपलब्धिमा सुधार भएको हुनेछ।

**(ख) प्रमुख नतिजा**

१.स्थानीय शिक्षा योजनाका निर्धारित लक्ष्य तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भई अपेक्षित शैक्षिक उपलब्धि हासिल भएको हुनेछ।

२.विद्यालयको कार्यसम्पादन, विद्यार्थीको सिकाइ उपलब्धि, पहुँच, सहभागिता तथा टिकाउ दरमा सुधार भएको हुनेछ।

३.अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ भई तथ्यमा आधारित योजना, निर्णय र सुधारको अभ्यास स्थापित भएको हुनेछ।

४. स्थानीय तह, विद्यालय, समुदाय तथा सरोकारवालाबीच समन्वय र सहकार्य प्रभावकारी भई स्रोतको दोहोरोपन घटेको र उपलब्ध स्रोतको सदुपयोग भएको हुनेछ।

५. विद्यालय तथा शिक्षकलाई निरन्तर प्राविधिक सहयोग र सहजीकरण प्राप्त भई शैक्षिक व्यवस्थापन तथा सेवा प्रवाहको गुणस्तरमा सुधार भएको हुनेछ।

६.शिक्षा क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र सुशासन अभिवृद्धि भई स्थानीय शिक्षा प्रणाली थप प्रभावकारी र परिणाममुखी भएको हुनेछ।

**(ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | ० | १ | ० | ० | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | ० | १ | ० | ० | २ | ४ | |
| ३ | अनुगमन | पटक | ४ | ८ | १० | १० | १० | | २० | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | १ | २ | २ | २ | २ | ९ | १९ | |